# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क २, पूर्णाङ्क ९७ | २०७४ जेठ ३१ गते बुधबार | Wednesday, 14 June 2017 | www.eratokhabar.com | मूल्य रु. १०



रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।


## पोखरामा जनअधिकार अभियान

■ भिम चापागाई/पोखरा, जेठ ३०

जनअधिकार अभियान नेपालले आयोजना गरेको **मानव अधिकार दृष्टिकोणबाट वर्तमान राजनीति र जनचाहाना** विषय अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भएको छ। सो कार्यक्रममा आस्थाका बन्दीहरु सुनिल कुमाल, भोजराज त्रीपाठीले आफूहरुलाई हिरासतमा हुँदा प्रहरीले मानसिक, शारिरीक यातना दिएको भन्दै गुनासो पोखेका छन् । अतिथिहरुमा राष्ट्रिय मानव अधिकारवादी संगठन नेपाल, इन्सेबाट संगीता भट्ट, क्षेत्रीय निर्देशक नितु बास्तोला, वरिष्ठ मानव अधिकारवादी टेकबहादुर ... बाँकी पृष्ठ ७ मा

## बूढीगण्डकीमा ३ अर्ब घोटाला



पैसाको खोलो बगाबएर चुनावमा धाँधली गर्दै विश्वका अधिकांश प्रजातान्त्रिक देशहरूमा परियोजनाहरू निर्माण गर्दा इन्जिनियरिङ प्रोस्युरमेन्ट कन्स्ट्रक्सन (EPC) विधिअनुसार निर्माणकार्य गरिन्छ । यसमा लगानी कसरी, कुन सर्तमा, कसले, कति ब्याजदर आदि टुङ्गो लाग्छ । त्यसपछि ई टेन्डर प्रणालीमा भूमण्डलीय ठेक्का (ग्लोबल टेन्डर) आह्वान गरिन्छ। यो विधिलाई पारदर्शी र सापेक्षिक रूपले भ्रष्टाचारविरोधी मानिन्छ। तर 'सुनको अन्डा' भनिने बूढीगण्डकी आयोजना निर्माण गर्दा सो विधिलाई लत्याइएको छ । प्रचण्ड प्रमबाट र जनार्दन शर्मा ऊर्जामन्त्रीबाट जाँदाजाँदै ईपीसी मोडल बाहिरबाट अपारदर्शी मोडलमा बूढीगण्डकी आयोजना चीनको बदनाम कम्पनी गेजुवालाई ईपीसी-एफ बिटी मोडेलमा हस्तान्तरण गरिएको छ। गेजुवालाई ... बाँकी पृष्ठ ७ मा

# राजपा चुनावमा नजाने

■ रातो खबर संवाददाता/काठमाडौं

दाहाल-देउवा सरकारी गठबन्धनले अनेक प्रयास गरे पनि राष्ट्रिय जनता पार्टी (राजपा) स्थानीय तहको निर्वाचनमा सहभागी नहुने भएको छ । उसले सोमबार दल दर्ता प्रक्रिया गुजारेको छ। उम्मेदवार मनोनयनका लागि पार्टी पदाधिकारीको नाम र हस्ताक्षर निर्वाचन आयोगमा बुझाउनुपर्ने समयसीमा सोमबारसम्म थपिएको थियो। सरकारले हतारहतार स्थानीय तह निर्वाचन ऐन संशोधन गरेको थियो । राजपाले आफ्ना मागहरू पूरा नभएसम्म घोषित चुनावमा नजाने जिकिर गरेको छ । मुद्दाहरूका विषयमा राजनीतिक सहमति भएपछि मात्र चुनावी प्रक्रियाका प्राविधिक विषयमा प्रवेश गर्ने उनीहरूको दाबी छ।

सोमबार राजपा अध्यक्षमण्डलको राजधानीमा भएको बैठकले आन्दोलन सशक्त बनाउन प्रमुख नेताहरू जिल्लातिर फर्कने निर्णयलगत्तै मङ्गलबार नेताहरू तराईतिर झरेका छन् । उता त्यही मुद्दामा लामो समयसम्म आन्दोलनरत फोरम अध्यक्ष उपेन्द्र यादवले राजपाका नेताहरूलाई चुनावमा भाग लिन अपिल गरेका छन् । काठमाडौं लैनचौरस्थित भारतीय दूतावासमा पटकपटक भातभान्छा गर्दा पनि राजपाका मागहरू पूरा नभएपछि उनीहरू चुनावी प्रक्रियाबाट बाहिरिने निर्णयमा पुगेका हुन् । मधेसका दलहरूको व्यवहार, दिल्लीको समर्थन देखेपछि उपेन्द्र यादव भने अप्रत्यासित रूपमा चुनावमा गएका थिए।

दोस्रो चरणको निर्वाचन २ साता मात्र बाँकी रहँदा राजपाले




तराईमा चुनावविरोधी गतिविधि बढाएको छ । सोमबार र मङ्गलबार पनि एमाले, काङ्ग्रेस र फोरमका चुनावी सभाहरू भाँडिएका छन् भने मतदाता शिक्षा दिइरहेका कर्मचारीहरू आक्रमणको तारो भएका छन् । राजपाको यो अप्रत्यासित कदमलाई कतिपय विश्लेषकले दिल्लीले नेपालमा सडक र सदन दुवैतिर आफूप्रति उदार शक्तिहरूको उपस्थिति कायम गरिरहने नीतिको परिणामका रूपमा हेरेका छन् । सरकार गठनको सहयात्री राजपाको खासै नीतिगत मतभेद पनि देखिन्न। नागरिकता वितरण थप गर्ने, स्थानीय तहको सङ्ख्या बढाउने र केन्द्रीय शासनका विरुद्ध व्यावहारिक ... बाँकी पृष्ठ ७ मा

# गिरफ्तारीको चौतर्फी विरोध



■ अम्बिका चन्द/काठमाडौं

देउवा सरकारका गृहमन्त्री जनार्दन शर्माले काठमाडौंमा शपथग्रहण गरिरहेकै बेला उनकै गृहजिल्लाको छिमेक प्युठानमा नेकपाका केन्द्रीय सदस्य तथा राप्ती इन्चार्ज केशबहादुर बाँठा, केन्द्रीय सदस्यहरू चन्द्रबहादुर खड्का र बन्धु चन्द, जिल्लासचिव दधिराम सुवेदी, जानकी पुन, गोन्जालो, परिवर्तन, अजयलगायत १४ जनालाई गिरफ्तार गरिएको छ। तिराम, तीनदाृमोरमा जिल्ला पार्टीको बैठक बसिरहेको बेला जेठ २४ गते उनीहरूलाई पक्राउ गरिएको थियो । सो गैरन्यायिक गिरफ्तारीको विरुद्ध नेकपाका प्रवक्ता प्रकाण्ड, नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष किरण र नेत्री धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी' ले अलगअलग वक्तव्य जारी गर्दै अविलम्ब रिहाइको माग ... बाँकी पृष्ठ ७ मा

# दार्जिलिङमा भाषा आन्दोलन चर्किंदै



पश्चिम बङ्गालको ममता बेनर्जी सरकारले हालै राज्यका सबै विद्यालयहरूमा बङ्गाली भाषा अनिवार्य पठनपाठन गर्नुपर्ने निर्णय गरेपछि नेपालीभाषी क्षेत्रहरूमा तीव्र असन्तोष उत्पन्न भएको छ । दार्जिलिङको विरोधलाई ध्यान दिएर बिहीबार मन्त्रिपरिषद्को बैठक दार्जिलिङमा नै बसेको थियो । बैठकस्थलवरपर चर्को नाराबाजी भएपछि प्रहरीले प्रदर्शनकारीमाथि लाठी तथा अश्रुग्याँस प्रहार गऱ्यो। आक्रोशित भीडले प्रहरीका दुईवटा र केही सरकारी बसमा आगो लगाएका थिए। सरकारले बङ्गाली भाषालाई पाठ्यक्रममा अनिवार्य गर्नासाथ शिक्षकहरू विद्यालय नै बन्द गरेर हडतालमा उत्रिएका थिए । गोर्खा जनमुक्ति मोर्चा, गोर्खा दुःख निवारण सङ्घ तथा सम्पूर्ण सामाजिक सङ्गठनहरू ... बाँकी पृष्ठ ८ मा

# मालकोट सल्लारूखलाई लालसलाम !



प्रकाण्ड


नेपालको क्रान्ति र परिवर्तनको महान् प्रक्रियाका विरुद्ध दलाल पुँजीपति वर्गको प्रतिक्रियावादी संसदीय व्यवस्थालाई कथित "लोकतान्त्रिक गणतन्त्र" को जामा पहिऱ्याएर नेपाली जनतालाई बेबकुफ बनाउने मूर्खता गर्दै स्थानीय तहसम्म खडा गर्ने रणनीतिको नौमहिने ठेकदार नेपाली काङ्ग्रेस र माओवादी केन्द्र गठबन्धनको प्रचण्ड सरकारले वैशाख ३१ गते स्थानीय नामको चुनाव घोषणा गऱ्यो । त्यो बेला हाम्रो पार्टी गत फागुन १ गते हजारौं जनता र कार्यकर्ताको उपस्थितिमा आठौं महाधिवेशनको ऐतिहासिक एवं भव्य उद्घाटन गरेर रोल्पा थवाङमा वन्द सत्र सञ्चालन गरी राखेको थियो । कथित स्थानीय चुनावको घोषणा हाम्रो पार्टीको महाधिवेशनले विचार, राजनीति, सङ्गठन, जनसहभागिता, व्यवस्थापकीय पक्षलगायत दृष्टिले दिएको क्रान्तिकारी सन्देश र त्यसले नेपाली समाजमा पारेको जबरजस्त प्रभावका विरुद्ध प्रचण्ड सरकारको प्रतिक्रान्तिकारी रणनीति र आतङ्कित मानसिकताको उपज थियो । उक्त रणनीतिका विरुद्ध पार्टीले आफ्नो पङ्क्ति, देशको क्रान्तिकारी, वामपन्थी एवम् राष्ट्रवादी तप्का र आमनेपाली जनतालाई भ्रम मुक्त गर्न "कथित स्थानीय चुनावको खारेजी र नेपाली जनताको जनसत्ता निर्माण तथा सञ्चालनमा सहभागिता" का निम्ति प्रेस वक्तव्यमार्फत अपिल गऱ्यो । महाधिवेशनपछि बसेको पार्टी केन्द्रीय समितिको ऐतिहासिक दोस्रो बैठकले स्थानीय चुनाव खारेजीको नीति र कार्यक्रम तय गऱ्यो । उक्त नीति र कार्यक्रमलाई व्यावहारिक स्वरूप प्रदान गर्न पार्टीले आन्तरिक पङ्क्ति र जनपङ्क्तिमा कामकारबाहीलाई घनीभूत गर्दै लग्यो ।

वैशाख ३१ गतेको स्थानीय चुनावविरुद्ध नेपाल कम्युनिस्ट पार्टीको चुनाव खारेजीको नीति र कार्यक्रमलाई अनुमोदन गर्दै कालीकोट जिल्ला माल्कोट सल्लारूखका जनताले सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र निर्वाचन टोलीले आफ्नो राजनीतिक स्वतन्त्रता एवम् अधिकारमाथि गरेको हस्तक्षेपका विरुद्ध विद्रोह, मतदान केन्द्रमाथि कारबाही, मतपेटिका कब्जा एवम् नष्ट, मतदान टोली र सुरक्षा शक्ति माथि गरेको जनकारबाहीको घटना राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चर्चाको केन्द्रमा रह्यो । चर्चाको शिखरमा रहेको माल्कोट सल्लारूखका ... क्रमशः पृष्ठ ४ मा

# प्रचण्डको पतन : काङ्ग्रेस-माके गठबन्धन

देश/परिवेश

■ विप्लव



२०७४ जेठ २३ गते बीआईसीसी भवनको राजनीतिक मञ्चमा एउटा यस्तो भद्दा र कुरूप नाटक मञ्चन भयो जसले त्यसका छद्मभेषी, धूर्त पात्रहरूलाई पर्दाफास गऱ्यो । नेपाली राजनीतिक क्रान्तिका खलनायकहरूको हुलबाट उठेजसरी नौटङ्कीको शैलीमा प्रचण्ड उठेर अर्को खलनायक जानेमानेका बदनाम पात्र शेरबहादुरलाई राज्यको नेतृत्व हस्तान्तरण गरे । आपसमा ठूलै युद्ध जितेजस्तो काँध मिलाउँदै घटिया खालको ढोङ प्रदर्शन गरे। नेपालमा संसदीय व्यवस्था (लोकतन्त्र) ले जित्नुपर्छ, हामीले हारेर केही हुँदैन भन्दै सत्ता मिलिभगतको डकार निकाले । श्रमिकहरूको दृष्टिमा उनीहरूले नेपाली जनताका सपना र आकाङ्क्षामाथि तरबार हान्ने घोर प्रतिक्रियावादी जत्थेबन्दी गरे।

बुर्जुवा पुँजीवादीहरू, दलाल कठपुतलीहरू, आत्मसमर्पणवादी, अवसरवादी, धोकेबाजहरूको एउटा आम चरित्र हुन्छ, आफू सत्तामा नहुँदा सबै कुरा बिग्रेको देख्ने; जनताले दुःख पाएको र देशले सङ्कट खेपेको देख्ने; मित्रहरूलाई पनि दुस्मन भन्दै अनेकौं लाञ्छाना थोपर्ने; मौका परे ज्यान लिनसमेत पछि नपर्ने तर जब सत्ताको स्वाद चाट्न पाइन्छ; सत्ताको मजामा भागबन्डा मिल्छ र भोगविलास चल्छ तब सबै कुरा मिलेको, जनताले अधिकार पाउनेजति पाइसकेको; देश उन्नतितिर बढ्न थालेको; आफूहरूले नै सुसंस्कृतिको थालनी गरेको देख्ने । जब उनीहरूको स्वार्थ मिल्छ तब साँझसम्म दुस्मन मानेकोलाई पनि रात पर्न नपाउँदै घनिष्ट मित्रको पगरी गुथाएर, राजनेता र अनुभवी साथीको रङ भर्दै काँधमा हालेर ताण्डव नृत्य गर्ने । यस्तै कुरूप र निकृष्ट हर्कत प्रचण्ड र शेरबहादुरहरूले जेठ २३ गते प्रदर्शन गरे । यस्तो चरित्रलाई लेनिनले "लफ्फाजी, झूट, उदारतावादी तथा आमूलवादी खेमाका राजनीतिज्ञको आत्मप्रवंचना, धूर्ततापूर्ण तिकडमबाजी" (लेनिन, हिन्दी भाग ६ दूर देशबाट पत्र, पेज २६३) बताउनुभएको थियो ।

केही पहिले, धेरै पनि होइन त्यस्तै ८ वर्ष पहिलेसम्म प्रचण्डको विश्लेषण र निष्कर्षमा शेरबहादुर घनघोर प्रतिक्रियावादी, संसदीय व्यवस्था र सत्ताको मालिक, अमेरिकी साम्राज्यवाद र भारतीय 'विस्तारवाद' ( साम्रज्यवाद) को दलाल, ज्ञानेन्द्रको 'नोकर', हत्यारा र प्रमुख दुस्मन थिए (सायद राजनीतिक प्रतिवेदनमा अहिले पनि यो निष्कर्ष फेरिसकेका छैनन्) । काङ्ग्रेस प्रमुख दुस्मन थियो भने उनीहरूका नेताहरू क्रान्तिका निशानामा थिए । जनयुद्ध र नेपाली क्रान्तिको ... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# राज्यआतङ्क बन्द गर

माकेका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार पतन भएर शेरबहादुर देउवा प्रधानमन्त्री र जनार्दन शर्मा गृहमन्त्री हुँदाहुँदै सरकारले देशभर दमन, धरपकडका माध्यमबाट राज्यआतङ्क झनै तीव्र पारेको छ । सरकारले कथित स्थानीय तहको चुनावलाई जीवनमरणको प्रश्न बनाएर त्यो असफल पार्न लागेको बहानामा सरकारको विपक्षमा रहेको राजनीतिक पार्टीका नेता र कार्यकर्तामाथि आतङ्क बढाएको हो । सरकारले पार्टीको बैठक बसिरहेको अवस्थामा प्युठानबाट नेपाल कम्युनिस्ट पार्टीका तीनतीनजना केन्द्रीय सदस्यलाई अपहरणको शैलीमा गिरफ्तार गरेको छ भने जनकपुर ब्युरोका इन्चार्जलगायतलाई जेल पठाएको छ । यसैगरी काठमाडौँबाट आफ्नो बासस्थानमा खाना खान लागेका अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना सांस्कृतिक परिवारका कलाकाहरूलाई रातको समयमा गिरफ्तार गरेको छ । सरकारले नेकपाका नेता र कार्यकर्तालाई बर्दिया, रुकुम, काभ्रे, चितवन, सिन्धुली, महोत्तरी, बारा, दैलेख, ललितपुर, कास्की, नवलपरासी, काठमाडौँ, दोलखा, दाङ, सल्यान, धादिङ, नुवाकोट, सुनसरी, मोरङ, जुम्ला, पर्वत, तनहुँ, बागलुङ, म्याग्दीलगायत दर्जनौँ जिल्लाबाट आस्थाका आधारमा राजनीतिक पार्टीका कार्यकर्तादेखि सर्वसाधारणसम्मलाई बिनापुर्जी गिरफ्तार गर्ने, लामो समयसम्म हिरासतमा राख्ने र पञ्चायतकाल र शाहीकाल बिर्साउँदै झूट्टा मुद्दा लगाएर जेल पठाउने निन्दाजनक कार्य गरिरहेको छ । हिरासतबाट छोडेको कागजमा हस्ताक्षर गराउने र ढोकामा पुगेपछि फेरि गिरफ्तार गर्नेजस्ता नाटक पनि यो सरकारले गरिरहेको छ । यो सरकारले चलाएको राज्यआतङ्क हो । देश र जनताको रक्षाका लागि लाग्नुपर्ने सरकार उल्टै जनता र राजनीतिक पार्टीका नेता तथा कार्यकर्तालाई आतङ्कित पार्न थाल्नु राज्यआतङ्क हो । यो निन्दित कार्यको सबैले भर्त्सना गर्नुपर्छ । यसप्रकारका कार्य रोकी हिरासतमा राखिएका र जेल पठाइएका राजनीतिक पार्टीका कार्यकर्ताहरूलाई तत्काल रिहा गर्नुपर्छ र यस किसिमका हर्कत तत्काल बन्द गर्नुपर्छ ।

राजनीतिक व्यवस्थासँग, उसका गतिविधिसँग, सत्ता र सरकारसँग असहमति राख्न पाउनु र विद्रोहको बाटो रोज्नु जनताको अधिकार हो । विद्रोह गर्ने अधिकारलाई कसैले रोक्न सक्तैन र त्यो रोकेर पनि रोकिँदैन । यतिबेला मुलुकमा संसदीय व्यवस्था छ । एकथरीले यो व्यवस्थालाई लोकतन्त्र भनेका छन् । उनीहरूका लागि यो व्यवस्था पुराणहरूमा वर्णित 'रामराज्य' नै हो किनकि यहाँ साम, दाम, दण्ड, भेद सबै नीति अख्तियार गरेर सत्तामा पुगेपछि सबैतिर ब्रह्मलूट गर्न पाइन्छ । सत्ताको बागडोर समालेपछि नीति, सिद्धान्त, कार्यशैली जस्तोसुकै जनविरोधी भए पनि शक्तिले ढाकछोप गर्ने र अपराधकर्महरूलाई महिमामण्डित गर्ने काम हुन्छ/भइरहेको छ । यतिबेला सत्तामा जानका लागि हिजोसम्म विपरीत मोर्चा र सिद्धान्तमा रहेर एकापसमा लडेकाहरूलाई नै मिलाइएको छ । यो पनि आफ्नैभन्दा विदेशीको पहलमा गराइएको बुझ्न कुनै गाह्रो छैन । यसको परिणाम यतिबेला नेपाली जनताले भोगिरहेका छन् र त्यसको विकल्पको तयारी गरिरहेका छन् ।

वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नेकपा (माओवादी) ले २०५२ सालमा जनयुद्ध आरम्भ हुनुअघि पनि राज्यको यस्तै जिम्मेवार निकायमा थिए । माओवादीको खुला मोर्चा संयुक्त जनमोर्चा नेपालले तत्कालीन सरकारसँग राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ४० बुँदे माग राख्यो । देउवाले मागप्रति कुनै ध्यान दिएनन् र उल्टै हेप्ने र होच्याउने शैली अपनाए । देशभर जनदमन सुरु गरे । भीषण अप्रेसनका कारण देशभरको वातावरण आतङ्कित भयो । सचेत युवाहरू सुरक्षाका लागि पनि प्रतिरोध आन्दोलनमा लामबद्ध हुन बाध्य भए । फलस्वरूप माओवादी बल प्रयोगको बाटो रोज्न बाध्य भयो । अन्ततः नेपाल आमाका दसौँ हजार सुन्दर छोराछोरीले बलिदान गर्न बाध्य हुनुपर्‍यो भने हजारौँ योद्धा बेपत्ता, घाइते र अङ्गभङ्ग बनाइए । ठूलो त्याग, शौर्य र बलिदान गर्नुपर्‍यो । देउवाले शाहीसत्ता जोगाउनसमेत क्रूर दमनको बाटो अख्तियार गरेका थिए । ठूलो क्षतिपछि मुलुकबाट सामन्ती राजतन्त्र धराशयी भयो ।

मुलुकबाट सामन्ती राजतन्त्र अन्त्य भएर गणतन्त्र स्थापना भए पनि यो श्रमिक जनताका पक्षमा छैन । जनयुद्धले सामन्तवादको अन्त्यपछि नयाँ जनवाद हुँदै समाजवादी सत्ता कायम गर्ने उद्देश्य राखेको थियो तर राजतन्त्रको समाप्तिपछि नेपालको सत्ता जनताको हातमा नआएर दलाल पुँजीपति वर्गले कब्जा गर्‍यो । आज फेरि जनता दलाल पुँजीवादी अर्थात् दलाल संसद्वादी सत्ताका विरुद्ध आन्दोलनरत छ । प्रकारान्तरले दाहाल-देउवा गठबन्धनबाट देउवा सत्ताको बागडोर समात्न आइपुगेका छन् । यसै समयमा फेरि उनले जनदमन अझै तीव्र बनाएका छन् । यो राम्रो सङ्केत होइन ।

नेपाली समाजमा एउटा भनाइ छ, सर्पको मुखमा परिसकेको भ्यागुताले पनि आफ्नो अघिल्तिरबाट उड्दै गरेको पुतलीलाई सासले तान्ने धृष्टता गरिरहन्छ । सायद यही भनाइको राजनीतिक अभिव्यक्ति हुनसक्छ, प्रतिक्रियावादीहरू नसिद्धिउन्जेल गल्ती दोहोर्‍याइरहन्छन् । देश र जनताको अधिकार कुण्ठित गर्ने शासकको आयु धेरै लामो हुँदैन । यो इतिहासले सिद्ध गरिसकेको तथ्य हो । समयमै चेतना भया ।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# प्रचण्ड सरकारको चुनाव र प्रहरी हिरासत

*"सामान्य जनता सामान्य केशमा महिनौं प्रहरी हिरासतमा यातना र कष्ट खपिरहेका छन् । तर मतपत्र च्यात्ने मा.के.का कार्यकर्तालाई चारै दिनमा धरौटीमा छोड्ने काम भयो । यही प्रशासनको निश्पक्षता ? ....... प्रचण्डले आफ्नै छोरी रेणु दाहाललाई सिद्धान्तमा सम्झौता गर्दै जय नेपाल भन्दै काँग्रेससँग गठबन्धन गर्ने, जसरी पनि साम, दाम, भण्ड, भेद लागएर छोरीलाई जिताउन राज्यशक्तिको दुरुपयोग गरेर आफ्नो कार्यकर्तालाई मतपत्र च्यात्न लगाउने थप दृष्टान्त यो चुनावमा देखियो ।*



घननाथ सापकोटा 'विकास'

२०७४ साल वैशाख ३१ गते प्रचण्ड सरकारले स्थानीय तहको चुनाव घोषण गर्‍यो । उक्त निर्वाचनलाई नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका तर्फबाट क्रान्तिकारी उपयोग गर्ने निर्णय लिइयो । यो हाम्रो पार्टीको कार्यनीति हो । लेनिनले भन्नुभएको छ, 'कार्यनीति २४ घन्टामा फेरबदल हुनसक्छ ।' हाम्रो पार्टीले स्थानीय तहको निर्वाचनलाई उपयोग गर्ने मुख्य कारण संसदीय व्यवस्थाभित्र भएका राष्ट्रघात, जनघात, भ्रष्टाचारलगायत विकृतिहरू जनताको बीचमा भण्डाफोर गर्ने साथै देशलाई जनगणतन्त्रतर्फ विकास गर्नका लागि थप तयारी गर्ने । हाम्रो पार्टीका तर्फबाट विजय भएको स्थानमा त्यस ठाउँको साधानस्रोतको समुचित उपयोग गर्ने र केन्द्रबाट प्राप्त भएको बजेटलाई सही रूपमा विकास गराएर स्थानीय संरचनाहरूमा विकास गर्ने हाम्रो पार्टीको लक्ष्य हो । हामी यो विषयमा पनि प्रस्ट छौँ । संसदीय व्यवस्थाअन्तर्गत चुनाव तथा शान्तिपूर्ण गरिकाबाट देशमा न परिवर्तन हुन्छ, न त विकास नै हुन्छ । वर्तमान अवस्थामा क्रान्ति र क्रान्तिकारी विकास रक्षात्मक अवस्थामा रहेकाले स्थानीय निर्वाचनलाई उपयोग गर्नु परेको हो ।

हामीले यसभन्दा अगाडि २०७० सालको संविधानसभाको चुनाव बहिष्कार गरेका थियौँ । हाल आएर स्थानीय चुनावमा भाग लियौँ । यस घटनाबाट जनतामा प्रश्न र जिज्ञासा पैदा हुनु स्वाभाविकै थियो । जब पहिलो संविधानसभामा विदेशीको योजनामा विघटन गरेर संविधान निर्माण गर्न नसकेपछि दोस्रो संविधानसभा नेपाल र नेपली जनताको उन्नति र प्रगतिको अनुभूत गर्नेखालको संविधान बन्न सक्दैन भन्ने पार्टीको ठहर थियो । दोस्रो संविधानसभामा प्रतिक्रियावादीको हातमा गएको थियो । त्यो आज साबित भएकै छ । वर्तमान संविधानले न देशमा स्थिरता ल्यायो, न राष्ट्रियतालाई बलियो बनायो, न त महिला, दलित, मधेसी, जनजाति, आदिवासी, पिछडिएका जनताको अधिकार सुनिश्चित गर्‍यो । बेरोजगारी समस्या झन् विकराल बनेर गएको देशमा युवकयुवती झनै विदेश पलायन भएका छन् । शिक्षा, स्वास्थ्य, देशमा भएको रोजगार पहुँच भएका नेताका छोराछोरीलाई सुरक्षित भ्रष्टाचार मौलाएर गएको, देशको ढुकुटी वैधानिक-अवैधानिक रूपमा देशमा उच्च पदका नेताहरूको तलबभत्तामा ठिक्क छ । वैदेशिक हस्तक्षेप झन् बढेको छ । भारतले दिनहुँ देशभित्र नेपालीलाई गोली हानेर मार्दा नेपाल सरकार लाचार बनेर रमिता हेरिरहन्छ । यसकारण दसबर्से जनयुद्ध र १९ दिने जनआन्दोलनबाट प्राप्त आंशिक उपलब्धिबाहेक वर्तमान संविधान राज्यव्यवस्था नयाँ बोतलमा पुरानै रक्सी राखेको प्रक्रियावादी नै हो । वैशाख ३१ गते ३, ४, ६ प्रदेशको चुनावको मिति घाषणा भयो । संसदीय पार्टीहरूले यसलाई ठूलो उत्साहका रूपमा तामझामका साथ भाग लिने निर्णय गरे । बीसौँ वर्षदेखि हाम्रो गुमेको स्वार्थ सुदृढ गर्न पाइने भयो भनेर । कतिपय पार्टीले यस चुनावलाई बहिष्कार/खारेज गर्ने नीति अवलम्बन गरे । मुख्य गरेर नेपाल कम्युनिस्ट पार्टीले यसप्रकारको चुनावले नेपाल र नेपाली जनतालाई केही दिन सक्दैन । यसमा कत्ति पनि भ्रममा नपरीकन क्रान्तिको तयारीमा लाग्नु क्रान्तिकारीहरूको जिम्मेवारी हो भन्दै यस चुनावलाई खारेज गर्ने नीति अगाडि सार्‍यो ।

हाम्रो पार्टीले क्रान्तिकारी उपयोगको नीतिलाई पूरा गर्न जिल्ला कमिटीको बैठकलाई बाँडफाँट गर्‍यो र मलाई रत्ननगर नगरपालिकाको चुनावको जिम्मा पर्‍यो । उक्त नगरपालिकाको बैठक बस्यो । गहिरो छलफल गरेर उम्मेदवार घोषणा गर्‍यो । नगरपालिकाका विषयमा घोषणापत्र लेख्ने काम गरियो । अन्य चुनाव प्रचारका सामग्री पनि निर्माण गरियो । वैशाख १७ गते गाउँगाउँमा हाम्रो पार्टीको धारणा प्रस्ट पार्ने र मत माग्ने उद्देश्यले रत्ननगरका मेयरका उम्मेदवार उत्तम सिम्खडा, उपमेयरका उम्मेदवार बिन्दा कार्कीलगायत उम्मेदवारहरू र पार्टीका साथीहरूलाई झन्डा, ब्यानर र हातेमाइक लिएर प्रचारप्रसार सुरु गरियो । पहिलो सुरुआतमा बच्छेउलीको मालपुर चोकमा ठीक ९ बजे कोणसभा सम्पन्न गर्‍यौँ । संसदीय व्यवस्थाभित्रका गलत प्रवृत्तिको भण्डाफोर गर्‍यौँ । जनतासँग मत माग्ने काम गरियो । दोस्रो कोणसभा बच्छेउलीको सामुदायिक भवनचोक (पर्यटकलाई हाती चढाउने ठाउँ) मा सुरु मात्र गरेका थियौँ, प्रहरीको भ्यान टुप्लुक्क आयो । हामीलाई घेरा हाल्यो । सुरुमा त मलाई सुरक्षा दिन आएका होला भन्ने लाग्यो । हामीलाई त्यस ठाउँ असुरक्षा भन्ने केही थिएन । हामीलाई यसरी दुर्व्यवहार गरेर गिरफ्तार गर्लान् भनेर कल्पना पनि गरेका थिएनौँ किनभने हामीले त्यस्तो कुनै अवैध काम केही गरेका थिएनौँ । हामीलाई टोलीमध्येको एकजनाले हातमा सञ्चार सेट लिएर सोध्यो तिमीहरू को हौ ? प्रत्युत्तरमा मैले हामी मोहन वैद्य 'किरण' ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) का कार्यकर्ता हौँ । हाम्रो पार्टीले पनि हाल हुन लागेको स्थानीय तहको चुनावमा भाग लिएका कारण चुनाव प्रचार गर्दै जनतासँग मत मागेका हौँ भनेँ । उसले सञ्चार सेटबाट माथी रिपोर्ट गर्‍यो । यिनीहरूले गम्भीर रूपमा आचारसंहिता उल्लङ्घन गरेका छन् साप । यसपछि हाम्रा सबै प्रचार सामग्री कब्जा गरेर हामीलाई घोक्र्याउँदै-मुन्ट्याउँदै भ्यानमा हाल्न थाल्यो ।

लगभग १०-१२ जनालाई गिरफ्तार गर्‍यो भने अरू साथीहरू फुत्कन सफल भए । त्यसपछि मैले भनेँ, हामीलाई यसरी गिरफ्तार गर्नाको कारण के हो ?

प्रहरीको टोली प्रमुखले भन्यो, तिमीहरूले आचारसंहिता उल्लङ्घन गर्‍यौ । त्यसकारण गिरफ्तार गरेको हो । मैले भनेँ, के आचारसंहिता उल्लङ्घन गरियो ? उसले भन्यो, यो माइक बजाउने अनुमति छैन । यो माइक किन बजाएको ?

मैले भनेँ, अरू पार्टीले बजाएकै छन् । हामीलाई मात्रै किन रोक ?

हिजोसम्म मात्र बजाउने समय थियो, आज छैन भनेर उसले हप्कायो । साँच्चै आज माइक बजाउन बन्द भएको रहेछ कि के रहेछ भनेर म यताउता बुझ्न थालेँ । यस बेलासम्म मेरो मोबाइल कब्जा गरेको थिएन । कुरो बुझ्दा ठूला पार्टीहरूले घ्याम्पाजत्रा माइक बजाएर प्रचार गरिरहेका रहेछन् । त्यसपछि मैले भनेँ, अन्यत्र पनि अरू पार्टीले माइक बजाएका रहेछन् । किन हामीलाई यसरी गिरफ्तार गरियो ? मैले यसो भन्दा झन् हामीलाई दुर्व्यवहार गर्दै भ्यानमा कोचाकोच पारेर बच्छ्यौली चौकी पुर्‍याइयो । मेरो पहिलो कर्तव्य उक्त घटना पार्टीमा जानकारी गराउनु थियो र गराएँ । यसपछि मेरो मनमा गहिरो चोट पर्‍यो । यसपछि समग्र जिल्लाको सुरक्षाको जिम्मा लिएको निकाय प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टलाई मेरो परिचय दिएर फोन गरेँ । हामीलाई चुनाव प्रचारप्रचार गरिरहेको समयमा बच्छ्यौलीमा प्रहरीबाट गिरफ्तार गरियो भनेर जानकारी गराएँ । त्यसपछि प्रमुख जिल्ला अधिकारीले कारण के होला ? प्रहरीहरूले के भनेका छन् भनेर सोध्ने काम भयो । हामीले सानो हाते माइक बजाएर कार्यक्रम गरेका थियौँ । त्यही माइक बजाएर आचारसंहिता उल्लङ्घन गर्‍यौँ भन्ने आरोप लगाएका छन् । मैले यसो भनिरहँदा प्रजिअले तपाईंजस्तो मान्छेले आचारसंहिता उल्लङ्घन गर्ने भनेर अलि मलाई 'डिफेन्सिब' बनाउने र मेरो मनोबल गिराउने ढङ्गले जबाफ दिने काम भयो र फोन राखियो । यसबीचमा प्रहरीसँग भनाभन र छलफल चलिरह्यो : के कारणले हामीलाई गिरफ्तार गरियो भनेर ।

यसैबीचमा माओवादी केन्द्रका बच्छ्यौलीमा साथीहरू गोपी श्रेष्ठ, कृष्ण खनाल, विनोद रेग्मी, ध्रुव खनाललगायत अन्य साथीहरू पनि आए । यसबीचमा त्यहाँको इन्स्पेक्टरले माथि निकै रिपोर्ट गरिरहेको सुनिन्थ्यो । त्यसपछि प्रहरीको त्यो इन्स्पेक्टरले भन्न थाल्यो, यहाँ विप्लवको पार्टीले चुनाव बिथाल्नका लागि ठूलो योजना बनाएको छन् भन्ने रिपोर्ट हामीलाई सूचना आएको छ । त्यसकारण तिमीहरूलाई अनुसन्धान गर्न ल्याएको हो भनेर भनियो । मैले यति कुरा बुझ्न कार्यक्रम स्थलमै पनि बुझ्न सकिन्थ्यो । अर्को विप्लवले नेतृत्व गरेको नेकपासँग जोडेर हामीलाई गिरफ्तार गर्नु जायज हो ? गोपी श्रेष्ठले चाहिँ उनीहरूसँग जोडेर यहाँहरूलाई कारबाही चलाउनु ठीक होइन भने । ध्रुव खनालले अलि पुलिसको सपोर्ट लिएर बोल्न खोजे । मैले ठाडै इन्कार गरेर बोल्न दिइनँ । पछि उनले दुःखमनाउ गरेका थिए । यसरी एक घन्टा हामीलाई बिनाकसुर पुलिसको हिरासतमा राखेर सहीछाप गरेर छाड्ने काम भयो । मैले हामीलाई के कारणले गिरफ्तार गरियो ? के भनेर छाडियो भनेर सोधें । प्रत्युत्तरमा प्रहरीले भन्यो, हामीले अनुसन्धानका लागि ल्याएका हौँ । कसैलाई पनि अनुसन्धान गर्ने अधिकार हामीलाई छ । मैले थप भनेँ, हामी केकस्ता अपराधी थियौँ र गिरफ्तार गरेर हिरासतमा राखेर अनुसन्धान गर्नपर्ने ? यति त कार्यक्रमस्थलमै बुझ्न सकिन्थ्यो भन्दा तथानाम दुर्व्यवहार गर्ने काम भयो ।

हाम्रा सवारीसाधन कता ? हामी र अरू साथीहरू कता ? यसरी प्रचारमा हिँडेका साथीहरूलाई आतङ्कित बनाइयो । त्यति मात्र होइन, घटनाको सत्यतथ्य बुझेर समस्या कहाँ रह्यो भनेर छानबिन गर्नुपर्नेमा उल्टो प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टलाई प्रत्यक्ष भेटेर यी मेरा सबै गुनासा सुनाउने र घटनाको सत्यतथ्य बुझाउने उद्देश्यका साथ भेट्न खोजेँ । त्यो समय उहाँले दिनुभएन । फेरि २८ गते फोन गरेर आजसम्म पनि ठूला पार्टीहरूले माइक बजाएकै छन् । हाम्रो पार्टीलाई मात्र किन रोक लगाइयो भनेर फोन गरेँ । बिनाप्रत्युत्तर उहाँले फोन राख्ने काम भयो । यस्तै हो भने मजस्ता साना पार्टीका कार्यकर्ता र सामान्य गरिब जनताले न्यायको के अपेक्षा गर्ने ? मैले प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टलाई कसरी बुझ्ने ? प्रहरी सङ्गठनको यसप्रकारको लापर्बाही, दादागिरी र सामान्य घटनालाई छानबिन गर्ने क्षमतामा प्रश्नचिह्न उठ्ने कि नउठ्ने ? यसप्रकारका दृष्टान्तहरू विकास हुँदै जाने हो भने जनताको यो व्यवस्थाप्रतिको विश्वास र धैर्य कतिन्जेल रहन सक्ला ? न्यायको सिद्धान्तमा सयौँ अपराधीहरू छुटून् तर एउटा पनि निर्दोष व्यक्ति नपरोस् भन्ने सिद्धान्तलाई धोती लगाउँदै चोरलाई चौतारी साधुलाई शूली !


पहिलो कुरा त लोकतन्त्रमा सबै पार्टीहरूलाई दलीय मान्यता दिएर चुनावचिह्न पाउने स्वयम्सिद्ध सिद्धान्त हो । यसको विपरीत साना पार्टीहरूलाई दलीय चुनावचिह्नबाट वञ्चित गरियो । दोस्रो विभिन्न कोणबाट समस्या खडा गरी आतङ्कित बनाएर उनीहरूलाई कमजोर बनाई सत्ताको मालिक आफैँ बन्ने घिनलाग्दो खेल नाङ्गो रूपमा देख्न पाइयो यसपालिको चुनावमा । त्यति मात्र नभएर आफू हार्ने सम्भावना देखेपछि मतपत्र च्यात्ने र आफैँ बोक्सी आफैँ झाँक्री भनेझैँ पुनः मतदानको माग गर्ने ? लोकतन्त्रमा चुनावमा भाग लिन पनि सकिन्छ र बहिष्कार गर्न पनि सकिन्छ तर यहाँ यो चुनावप्रति हाम्रो विश्वास छैन भनेर बहिष्कार गरेको । विप्लब नेतृत्वको नेपाल कम्यूनिस्ट पार्टीलाई शान्तिपूर्ण रूपमा आफ्नो विचार राख्न पनि दिइएन । उक्त पार्टीका सयौँ कार्यकर्ताहरूलाई जेल हाल्ने, मुद्दा लगाउने काम गरिरहेकै छ । त्यति मात्रै होइन, बहिष्कारको नाउँमा घरमा बसेका सामान्य नागरिकहरूलाई समेत गिरफ्तार गरेको छ । प्रचण्ड सरकारले फासिवादी चरित्र उदाङ्गो पारेकै छ । हामीलाई सामान्य प्रचारमा जाँदा गिरफ्तार गर्ने प्रहरीले जनताको मत च्यातिँदा रमिता हेरेर बसेको त्यहाँ कतिपय प्रत्यक्षदर्शीले यहाँ केही अप्रिय घटनाहरू हुनसक्छ भनी सूचना दिँदा सतर्क नअपनाएर आ-आफ्नो उम्मेदवार हार्ने डरले माओवादी केन्द्रका कार्यकताले मतपत्र च्यात्ने काम भयो । यति मात्र कहाँ हो र अरू सामान्य जनता सामान्य मुद्दमा महिनौँ प्रहरी हिरासतमा यातना र कष्ट खपिरहेका छन् । तर मतपत्र च्यात्ने माकेका कार्यकर्तालाई चारै दिनमा धरौटीमा छोड्ने काम भयो । यही हो प्रशासनको निष्पक्षता ? सामान्य न्यायको सिद्धान्त शक्तिको आडमा जे पनि गर्ने संसदीय व्यवस्थाको चुनावमा धाँधली गर्ने बुथ कब्जा गर्ने, बक्सा फाल्नेजस्ता क्रियाकलाप त देखिएकै थियो । तर यसपालिको चुनावमा थप प्रचण्डले आफ्नै छोरी रेणु दाहाललाई सिद्धान्तमा सम्झौता गर्दै जय नेपाल भन्दै काङ्ग्रेससँग गठबन्धन गर्ने, आफैँले बनाएको आचारसंहिता उल्लङ्घन गर्दै विभिन्न बहाना बनाएर विश्वविद्यालय भवन उद्घाटन हुनुले जसरी पनि साम, दाम, दण्ड, भेद लगाएर छोरीलाई जिताउन, त्यति मात्र पनि नसकेर राज्यशक्तिको दुरुपयोग गरेर आफ्नो कार्यकर्तालाई मतपत्र च्यात्न लगाउने थप दृष्टान्त यो चुनावमा देखियो ।

(लेखक नेकपा (क्रान्तिकारी माओवादी) का चितवनका नेता हुन् ।)

# राजबन्दीका अनुभूतिहरु



## मध्यरातमा हिरासत लगियो



मिनप्रसाद सापकोटा

स्थानीय निर्वाचनमा चितवनमा भएका अनुभूतिजन्य केही कुराहरु प्रस्ट पार्ने जमर्को गरिएको छ । पार्टीले आठौं महाधिवेशनपछि स्थानीय तहको निर्वाचन खारेज गर्ने अभियानसँगै कामकारबाहीहरू अगाडि बढाउँदै जाँदा प्रहरी हिरासतमा विभिन्न प्रकारका दुःखकष्टहरू झेल्न पुगियो ।

२०२६ सालतिर नेपाल मा.वि. रत्ननगरमा पढ्दै गर्दा गाउँबाट जाने विद्यार्थीले अनेरास्ववियुमा भोट हाल्न पर्छ भनेबाट सुरु भएको आस्थाको बिउ २०३४ सालमा आकार लिएर २०३९ सालदेखि मार्क्सवादी लहरका रूपमा बढ्न थाल्यो । त्यही लहरमा मलजल गर्दै गर्दा म पहिलोपटक आठौं महाधिवेशनको प्रतिनिधि बनी थवाङमा पुगी फर्केपछि चुनाव खारेजी अभियानमा संलग्न हुँदै आएँ । यही २०७४ वैशाख २१ गते कामबाट फर्केलगत्तै लालगद्दारहरूका काला सिपाहीहरूले राति ९:३० बजे घरबाट गिरफ्तार गरी इलाका प्रहरी कार्यालय रत्ननगरमा लगे । त्यहाँ पुऱ्याएपछि नाम, थर, ठेगाना सबै एकजना भट्ट थरका इन्स्पेक्टरले तपाईंका जिल्ला सदस्यहरूको सबैको नाम, थर, ठेगाना, फोन नं. उपलब्ध गराएर सहयोग गर्नुपऱ्यो भने । तपाईंले पनि यो चौकीको कमाण्डमा रहेका पुलिस, जवान, अफिसरहरू, उनीहरूका जहानपरिवार, तिनीहरूका बच्चाबच्ची सबैको बासस्थान, सम्पर्क नम्बर, विद्यालय कुनकुन हो मलाई उपलब्ध गराउनुहोस् । तपाईंलाई सहयोग गर्ने कुरामा विचार गरौंला भनें । जिल्ल परेर मतिर हेर्दै उनले त्यो त सक्दिनँ भने । मैले पनि तपाईंले जाबो पुलिसको सम्पर्क दिन नसक्ने, मैलेचाहिँ यो देशका गौरवशाली पार्टीका नेताको नाम भनौंला ? बरु मर्न तयार छु भन्दिनँ भनेपछि मलाई कस्टडीमा पठाइयो । उडुस, उपियाँ, लामखुट्टे, लागूऔषधको धुवाँका कारण निद्रा लागेन । अर्को दिन फिनेल मगाएर सबै सफा गराएँ । अलि राम्रो भयो । महाधिवेशन नै विचार बनेका कारण दृष्टिकोण र साहस बनाउँदै गएँ । हरेक दिन बिहान ४ बजे डिउटीवालाले सबै ठाउँमा फोन गरेर सोध्थे विप्लववालाको गतिविधि के छ भनेर । म सुनिरहन्थेँ । ८-९ जना विभिन्न किसिमका बन्दी थिए तिनीहरूलाई राजनीति र विप्लव नेतृत्व पार्टीका बारेमा छलफल चलाउँदै रहेँ । किताबमा गाता हालेको थिएँ । गाताका कारणले जेलभित्र लैजान सजिलो भयो । थुप्रै मानिस भेट्न आए । परिवारका सदस्यहरू अध्याँरो मुख लगाएर अहम् करुणिक भावमा आउँथे र म बाहिरबाट आउने मानिसको सन्चोबिसन्चो सोध्थेँ । मुक्तकण्ठले हाँसिदिन्थेँ । अनि भेट्ने मानिस खुसी भएर घर फर्कन्थे । विभिन्न तरिकाले भित्र लागूपदार्थ लैजान्थे । खानामा, पानीमा लागूऔषध भित्रै व्यापार चलाउँथे पुलिसले । जति बन्दी हुन्थे फर्किने बेलामा सबै बदलाका भावले फर्कन्थे । राति रक्सी खाएर आफैं हल्ला गर्थे । प्रहरीले उनीहरूलाई नै कस्टडीमा राख्थे । यसपालिको चुनावमा वान ब्यालेट वान बुलेट भन्ने नीति रहेछ । त्यही थाहा पाइयो पुलिसको मुखबाट पनि । विप्लव नेतृत्वको पार्टीका मानिसहरूलाई केही काम नगरे पनि ल्याएर थुनिहाल्ने भन्ने नीति रहेछ । कमल थपलिया भन्ने असईले यो कुरा भने । एकजना काका भन्ने पुलिसले लागूपदार्थ प्रयोग सेवन गर्ने केटाहरूलाई तिमीहरू लाइसन्स नभएका डाँका, हामी लाइसेन्स भएका डाँका यत्ति हो फरक । अरू के फरक छ र ? यो सरकारले न बोल्न दिन्छ, न विवेक छ । के छ र भनेर तितो पोखे । एकजना सिपाहीले जेठ १ गतेपछि ३-४ दिन बेलुका लगातार गफ गरे । सायद रेकर्ड गरेको जस्तो लाग्छ । उनका प्रश्नहरू प्रचण्ड-बाबुरामलाई के भन्नुहुन्छ ? पुँजीवादी देशमा पनि विकास भएकै छ । किन चाहियो कम्युनिज्म ? राज्यको व्यवस्थापकीय सङ्गठन कसरी गर्नुहुन्छ । योभन्दा विकास कसरी गर्नुहुन्छ ? के नेपाललाई उत्तरकोरियाजस्तो बनाउन खोज्नुभएको हो ? भन्ने थिए ।

मैले पार्टी नीतिअनुरूप जबाफ दिएँ । चन्दा उठाउनुहुन्छ भनेका थिए । मैले भनें, उठाउँछौं । उनले पाइँदैन भने । मैले भनें, तपाईं पुलिस भएर चन्दा उठाउन मिल्ने, हामीले नमिल्ने किन ? एक दिन यस्तो दिन आउँछ तपाईंले आफैं चन्दा बुझाउन आउनुहुनेछ भनेपछि जिल्ल परे । एनसेलका बारेमा प्रश्न गरे । राज्यलाई कर नतिर्ने, जनतालाई ठग्दै जाने हो भने फेरि ठोक्दै जाने हो भनेर । कति ध्वंश गर्ने भने ? ध्वंश मात्रै होइन, अब हामी निर्माणका साथ गाउँगाउँ जान्छौं । कति सेना-पुलिस छन् ? आजसम्म तपाईंहरूले नै साथ दिनुहुन्छ भन्ने लागेको छ । जनताका छोराछोरीले फटाहाहरूको साथ लागेर हामीलाई दमन गर्न आए भने सेना र पुलिसको सङ्गठन निर्माण गर्न गाह्रो छैन, बनाउन सकिन्छ भनेर उनी गए । ६ दिनको अन्तरमा म्याद थप्न लैजाँदा जनसत्ताको निर्माण गरौं शब्द लेखिएको भित्ता देख्दा पनि ऊर्जा थपिँदो रहेछ । यस्तो पहिला थाहा थिएन । करिब १९ दिन बस्दा शारीरिक हिसाबले अलि अलि गाह्रो, विचारले दृढ, सम्झनामा लालबहादर बीसी, क. आधार, गाउँका हिसाबले थवाङ गैरीगाउँ र माडीका पुराना बस्तीहरूको सम्झना आइरह्यो । समयको हिसाबले १९ दिन १९ घन्टा जस्तै रह्यो । पार्टीबाहिरका धेरै भेट्ने मानिस आए । धेरै अध्ययनमा समय बिताएँ । जे होस् ४० वर्ष अघिदेखि बलेको आस्थाको आगो आज उप्रान्त बलिरहेछ । विगतदेखिकै आँधी, हुरी र बतासको यो क्षणमा आस्थाको दियो जगाउन र संरक्षण गर्न सक्दा पनि सन्तोषको अनुभूति हुँदो रहेछ । यही आगोको राप, ताप र उज्यालोमा जीवन बिताउँदै जान पाए कति उत्साह र उमङ्ग थपिन्थ्यो होला भन्ने कल्पनामा १९ दिनलाई १९ घन्टाबराबर सम्झेर बाँचिरहेको छु ।

## निर्वाचन सरकारको नाटक


तिलकुमार श्रेष्ठ

२०७४ को स्थानीय निर्वाचन घोषणा हुँदै गर्दा यस स्थानीय निर्वाचनको विविध कारणले औचित्य छैन, खारेज हुनुपर्छ भन्ने विचार आयो । यसलाई आत्मसाथ गर्दै जाँदा जब २०७४ वैशाख १५ गते बिहान ७:३० बजेको समयमा इलाका प्रहरी कार्यालय चनौलीले तपाईंलाई एसपी कार्यालयमा बोलाएको छ भनीइ जिल्ला प्रहरी कार्यालय भरतपुरमा लगियो । तपाईंको साथी को हो ? कस्तो थियो ? कति उमेरको ? तपाईले कानुनभन्दा बाहिर गई राजनीति गर्नुभएको हुँदा केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ । राजनीति गर्दा कानुनको दायराभित्र बसी गर्नुहोला भन्दै निर्वाचनविरोधी केही सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाइयो र ६ दिनको हिरासतपछि मलाई रु. १०,०००।- धरौटी राखी तारेखमा छोडिएको छ । वास्तवमा यो २०७४ को स्थानीय निर्वाचनको औचित्य किन रहेन र खारेजी हुनुपर्छ भन्ने विषयमा सायद देशभक्त सबै नेपाली जनतालाई महसुस हुनुपर्ने नै हो । आज भूकम्पले स्वाभिमानी नेपाली जनताहरूलाई दर्दनाक अवस्थामा बस्न बाध्य बनाएको छ । सुकुमबासीहरूको अवस्था त्यस्तै छ र देशको ठूलो शक्ति लाखौं युवाहरू बिदेसिनुपर्ने बाध्यता छ । अरू विडम्बना ! भ्रष्टाचारमा लिप्त छ र तर राज्य सरकारको ध्यान अर्बौं धनराशि खर्च गरेर अपवित्र नौटङ्की निर्वाचनको नाटकमा नृत्य प्रदर्शन गरिरहेको छ । देश टुक्र्याउनेखालको अभिव्यक्ति आइरहेको छ । त्यसैले यो २०७४ को स्थानीय निर्वाचनको औचित्य छैन भनी खारेजीको पुष्टि हुँदै गएको छ । प्रचण्ड भन्ने गनुहुन्थ्यो, हामी ठीक छौं र हाम्रो विचार-विश्लेषण ठीक छ भने प्रतिक्रियावादी र विरोधी शक्तिहरूले हाम्राविरुद्ध अनेक खालका दुष्प्रचार, टिप्पणी, घेराबन्दी अनि दुःख दिने काम गर्छन् । उक्त भनाइलाई मनन गर्दा नेपाल कम्युनिस्ट पार्टीको स्थानीय निर्वाचन खारेजी अभियान सत्य साबित भएको ठहर गर्दै शान्तिपूर्ण तवरले समर्थन गर्दै जाँदा मेरा ६ दिने हिरासतको बसाइप्रति गर्व गर्छु ।

## बिनापुर्जी घरबाटै पक्राउ गरियो


कृष्ण परियार

२०७४ वैशाख २५ गते मेरो विद्यालय (२५-३१) सम्म एक हप्ता वर्षे सट्टे विदा प्रचण्ड सरकारको नाटकीय संसदीय व्यवस्थनाको चुनाव प्रयोजन भनि आम नेपाली समुदायको विद्यार्थीहरुलाई पढ्नबाट बञ्चित गरी विदा गरिएको थियो ।

म बिहान खाना खाएर मेरो जीवन सङ्गिनी र आफन्तको विवाहमा जान कोठामा कपडा फेर्दै थिएँ । एकजना बिना बर्दीका सि.आईडी. र अर्को एकजना गरी २ जना कोठा भित्र प्रवेश गरी तपाईंलाई एस.एस.पी. साबले सोधपुछको लागि बोलाउनु भएको छ । जानुपऱ्यो भनी मेरो कोठामा के के छ भन भनी कडा स्वरमा तुरुन्त जाउँ भनी २ ओटा मोबाइल लिएर बिना पक्राउ पुर्जी नदिई डि.एस.पी. कार्यलय लगि हिरासतमा राखियो । हिरासतमा सबै प्रकारका बन्दी (लागु औषध, सवारी मृत्यु चालक, मादक पदार्थ सेवन कर्ता, चोरी, बलत्कारीसँगै उडुस, उपियाँ र धूलोको कोठामा २५ गते देखि ०२ गते सम्म बस्दा म उच्च रक्तचापको बिमारी र दुर्घटनामा परि अङ्ग भङ्ग भएकोले २ गते बेलुका प्रेसर बडी १९०/११० mmHg भएर भरतपुर अस्पतालमा भर्ना भई ०९ गते सम्म हिरासतमा बिताउनु पऱ्यो । त्यहाँ बस्दाको अनुभूति :

नेपालको लोकतन्त्रको स्थापना भइसक्दा पनि आस्थाको आधारमा निर्वाचन गतिविधि विरोधी बिना प्रमाण लेबल लगाउने, बोल्ने अधिकार, विरो गर्ने अधिकार खोसीएको अनुभूति लाग्यो ।

हिरासतमा सञ्चारको साधानको प्रयोग गर्न नपाउँदा आधारभूत आवश्यकता परि पूर्तिमा कठिनाई जस्तै : लत्ताकपडा, औषधि, घरयासी लेनदेन, सामाजिक कार्यबाट बञ्चित हुनुपऱ्यो ।

बसाईको क्रममा सबै दिन दैनिक कार्य सहज रुपमा बितेपनि १ दिन ज्येष्ठ ५ गते अस्पताल क्याविन १०६ मा बस्दा बेलुका ड्युटीमा बस्नु भएको अ.स.इ. र हवल्दार २ जनाले हस्पिटलमा आफ्नो परिचय दिनुभयो सबै दिन सौहार्दपूर्ण वातावरणमा बित्यो र त्यस दिन भेटघाटमा आउने साथीहरुलाई भेट्न नदिने, राती हस्पिटल बेड्मा सुत्नेबेलामा हथकडी लगाउने गरेर परिचय दिनु भयो । हामीले प्रतिवाद गऱ्यौं र पछि एस.एस.पि.को आदेश के भएछ खोलिदिनु भयो ।

२६ गते मात्र थुनुवा पुर्जी र पक्राउ पुर्जी दिएर प्रशासनको परिचय दिनु भयो ।

सरकारी वकिल लाई धन्यवाद दिनुपर्छ मलाई सिधा प्रश्न गर्नु भयो । पचियबाट मैले नाम, ठेगाना र नेपाल शिक्षक महासंघ जिल्ला चितवनको सदस्य, अखिल नेपाल शिक्षक सङ्गठनको जिल्ला अध्यक्ष जुन संङगठन नेपाल सरकारको ट्रेड युनियनमा विधिवत दर्ता भएको यसैको सदस्य शिक्षक कसरी चुनाव विरोधी गतिविधिमा संलग्न हुन सक्छ भन्ने जिज्ञासा राखे । वकिलले निर्दोष भएको कुरा अवगत गराउनु भयो ।

अर्को दिन २८ गते प्रहरी मुद्धाफाँटमा बोलाउनु भयो र बयान गराउनु भयो । उहाँले सोझै भन्नु भयो । तपाईंको प्रकाण फेला नपरेको कारणबाट प्रहरीसँग वादविवाद भैं झगडा नलेखी हुँदैन राख्न मिल्दैन भन्नु भयो । यस्तो क्रियाकलाप म दुःखि भएँ खासको विष लाग्छ नखाएको विष कसरी लाग्छ ? यस्तो छ संसदीय व्यवस्थाको न्याय प्रणाली अन्तमा सही गर्ने गऱ्यो । दोषि सावित गराईयो ।

यसक्रममा सहयोग गर्ने नेकपालाई नेपाल शिक्षक महासंघलाई विभिन्न संघ संस्थाका अध्यक्ष एवं पदाधिकारीलाई कर्मचारी सबैलाई आर्दिह कृतज्ञता एवं धन्यवाद दिन चाहान्छु ।

## झुट्ठा मुद्दामा बलजफ्ती सहीछाप गराइयो


जयबहादुर कुँवर

नेकपाको आठौं महाधिवेशनद्वारा कथित स्थानीय निकायको निर्वाचन खारेज गर्ने निर्णय सर्वसम्मत पारित भएपछि हामी खुसी मनाउँदै आआफ्नो कार्यक्षेत्रमा प्रवेश गऱ्यौं । जिल्ला पार्टी मिटिङपछि आफ्नो कार्यक्षेत्रमा खटियो र निर्णय भएबमोजिम १ नम्बर इलाका र २ नम्बर इलाका राप्ती न.पा. खैरहनी न.पा.मा विभिन्न पार्टीका मेयर, उपमेयरका उम्मेदवारहरूका घरमा कालोझण्डा गाड्ने र उम्मेदवारहरूको नाउँमा उम्मेदवार फिर्ताको पत्र दिने कार्य सम्पन्न गरी निरन्तर पार्टीयोजनामा लागिरहेको अवस्थामा दलाल सरकारको निर्देशनमा २०७४ वैशाख २३ गते बिहान ९ बजे खैरहनी न.पा. वडा नं. ८ सिनेमा रोडबाट सादा पोसाकका प्रहरीले गिरफ्तार गरी सशस्त्र प्रहरीको गाडीमा राखी इलाका प्रहरी कार्यालय पर्सामा दुई दिन राखेर एसएसपी कार्यालय भरतपुरको हिरासतमा राख्यो । सोही अवस्थामा रेणु दाहाल्को गाडीमा तोडफोड गरेको झुट्ठा मुद्दाको मिसिल प्रहरीबाट तयार गरीगराई बलजस्ती सहीछाप गराएर मुद्दा चलाउने कार्यसमेत गरियो । हिरासतमा बसेको अवस्थामा बिमारी मसहित तीनजना साथी भरतपुर अस्पतालमा भर्ना भै उपचारका क्रममा जिल्ला पार्टी इन्चार्ज लालबहादुर बीसी र महेश भेट्न आउँदा बैरीका रक्षक प्रहरीको यादै भएन । बिमार सन्चो भएजस्तो लाग्यो र अस्पतालमा रहेको अवस्थामा एक साँझ नियमित डिउटीमा खटिएको प्रहरीले उपचारमा रहेका हामी तीनजना साथीहरूलाई मदिरा पिएर बिमारी सुतेको बेड र हाम्रो हात जोडेर हतकडी लगाउने कामसमेत गऱ्यो । हिरासतमा रहँदाको १८ दिनको अनुभूति जीवित रहिरहनेछ ।

## गणतन्त्र नभई लुटतन्त्रको आभास


विष्णु कोइराला

हाम्रो महान तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीको ८औं महाधिवेशनबाट जनयुद्धकालका अपुरो सपना पूरा गर्ने अठोटका साथ संसदिय दलाल व्यवस्थाको खारेज गरौं । शान्ति समृद्धि र समानताको लागि वैज्ञानिक समाजवाद स्थापना गरौं भन्ने मूल नाराका साथ भव्य रुपमा महाधिवेशन सम्पन्न भयो । महाधिवेशनले स्थानीय तहको निर्वाचनलाई खारेज गर्ने निर्णय एकमतले हलले पारित गऱ्यो । सो निर्णयलाई कार्यान्वयन गराउन म आतुर थिएँ । र कार्यक्षेत्रमा प्रवेश गर्दा साथ पार्टीका निर्णयहरुलाई कार्यन्वयन गराउन जनताको सामु जाने क्रममा प्रतिक्रियावादी दलाल फासिष्टा सरकारका खेतालाहरुले हाकिम चोक स्थित घरमा आई भाडा दिइएको कोठामा बसेकी थिएँ । एक्कासी मलाई मेरो नाम लिई विष्णुकोइराला खोइ भनि सोधे, महिला इन्सिपेक्टर अन्जाना श्रेष्ठको कमाडमा आएको एस.एस.पि. दिपक थापाले केही सोध पुछ गर्नु पऱ्यो भनि तपाईलाई बोलाउनु भएको छ, भनि सेतो भेनमा राखेर एस.पि. समक्ष ल्याए र मलाई केहि समय विष्ट कक्षमा राखियो र केहि बेर पछि एस.एस.पि. को कमाडमा पाँच जना टोलीले पाले-पालो मलाई प्रश्न गरी टूचर गर्न थाले एस.पि.ले. तपाईले के गर्नु हुन्छ भनि प्रश्न गरे, र मैले म नेपाल कम्युनिष्ट पार्टीको जनवर्गीय संगठन अखिल नेपाल महिला संघ क्रान्तिकारी, केन्द्रीय सदस्य तथा चितवन जिल्ला अध्यक्षको जिम्मेवारीमा वहन गरेकी छु । एस.पि. दिपक थापाले तपाईको पार्टी योजना के छ ? बाहिरबाट कति लडाकु आएका छन् ? तपाईको डि.सि.एस कहाँ बस्नु हुन्छ? फोन नम्बर कति हो ? र तपाईको पार्टी अब कसरी जान्छ ? भनि प्रश्न गर्नुभयो । र मैले पार्टी निति अनुरुप प्रश्नको उत्तरमा मलाई केहि पनि थाहँ छैन डि.सि.एस जनताको घरमा बस्नु हुन्छ, उहाँको नम्बर छैन, र पार्टी कसरी जान्छ भन्ने प्रश्नमा मैले सबैकुरा राज्यको व्यवहारमा भर पर्छ । राज्यले जस्तो व्यवहार गर्छ त्यसको प्रतिरोध गर्न क्रान्तिकारी पार्टी र जनता तयार हुन्छन् । यति प्रश्न सोधिसकेपछि मलाई पुलचोक वडा प्रहरी कार्यालयमा लगे त्यहाँ पुग्दा सयोद्धा संगठनकी उपाध्यक्ष क. टिका न्यौपानेलाई देख्दा भावुक बनायो । र कता कता राज्यले महिलाहरुमाथि गरेको व्यवहारले म भित्र क्रान्तिको ज्वारभाटा उत्पन्न हुन पुग्यो । प्रहरी हिरासत भित्रको वातावरण देख्दा र महिलाहरुलाई देशमा गणतन्त्र आएको नभएर लुटतन्त्र आएको आभाष भयो । हामीले केही नगर्दा हामी माथी किन दमन र महिला मुक्तिका आन्दोलनहरुले महिलाहरुका पिडा उस्तै छन् । ति समस्याको समाधान कहिले हुन्छ ? भनी मनमनै प्रश्नहरु खलीरह्यो । हिरासत बस्दा प्रहरीहरुले राजनीतिक कुरा गर्न नदिँदा पत्रपत्रिका पढ्न नदिँदा दशवर्ष लडेको प्रचण्ड फाँसीवादमा पुगेको अनुभूति प्रत्यक्ष भयो ।

बाहिर प्रतिक्रियावादी सरकारसँग लड्दा लड्दै हिरासतमा पुग्नु परेको अवस्थामा पनि उपिया, उडुस, दुर्गन्धित वातावरण, भरिएको ट्वाइलेट, रक्सीले मातेका पुलिसँग पनि डटेर लड्नु परेको वास्तविकता पनि यहाँ छर्लङ्ग देखिन पुग्यो । विभिन्न पार्टीका नेताहरुले हाम्रो पार्टीमा आउनुहोस् हाम्रो पार्टीले तपाईंलाई छुटाउन सहयोग गर्छौं भन्दै गरेको अनुचितको कुरामा सम्झौता गर्न मेरो नैतिकताले ठाडै अस्वीकार गरी उल्टै तपाईंहरु नै हाम्रो अभियानलाई सफल पार्न तिर लाग्नुहोस् भनी प्रस्ताव गरेँ ।

१५ दिनको अन्धकारमा कोठा रहँदा बाहिरी घटनाक्रमलाई औल्याउन नपाउदा निकै असादर्भिक भएको महशुस भएको थियो । जब कालिकोट घटनाको बारेमा जानकारी भयो तब मलाई निकै भावुक बनायो । यस्ता घटनालाई तत्काल रोक्नको निमित्त चेतावनी दिन चाहन्छु ।

वर्ष ३, अङ्क २, पूर्णाङ्क ९७
रातो खबर साप्ताहिक

पृष्ठ १ बाट क्रमशः

# माल्कोट सल्लारूखलाई लालसलाम ! –१

जनताको वीरता, अभूतपूर्व जनपहलकदमी, विद्रोह र जनकारबाहीबारे यस आलेखमा विशेष चर्चा गरिएको छ ।

१) इतिहास र प्रवृत्ति

राणाकालमा माल्कोट सल्लारूखका जनता राणाविरोधी थिए । राणा शासनको स्थानीय प्रतिनिधि बिटालु परिवारको उत्पीडनका विरुद्ध यो बस्तीले निरन्तर सङ्घर्ष गर्दै आएको थियो । बिटालु शासनको विरुद्ध सङ्घर्ष गर्ने क्रममा जनतालाई गोलबन्द गर्ने र जनताको १ वर्षसम्म आइपर्ने समस्याको जिम्मा लिने गरेर हर्कबहादुर विश्वकर्माले सङ्घर्षको नेतृत्व गर्नुभएको थियो । बदलिँदो परिस्थिति, जनताको चेतनामा विकास र राणा शासनको अन्त्य भएपछि आफ्नो शासन कायम रहन र राख्न असम्भव देखी बिटालु परिवार ०२५/२६ सालतिर भारतको पिथौरागढ पलायन भयो । राणा कालमा पनि यहाँको बस्ती, जनता र समाजका अगुवाहरू जुझारु, विद्रोही र सङ्घर्षशील थिए ।

२) पञ्चायत काल र सङ्घर्ष

निरङ्कुश राजतन्त्रको पञ्चायती शासन कालमा स्पष्ट राजनीतिक सुझबुझको कमी हुँदाहुँदै पनि पञ्चायती व्यवस्थाका स्थानीय सामन्तविरुद्ध सल्लारूख बस्तीले निरन्तर सङ्घर्ष गर्दै आयो । स्थानीय सामन्तको हली डोली प्रथा, बेठबेगारी, ज्यालाविहीन श्रमदान, जनताको डाडदोखदेखि जग्गा र सम्पत्ति लुटखसोट, सांस्कृतिक विभेद र उत्पीडन, छोरीबुहारीमाथिको यौनशोषण, देवताको नामको ठगी र सामन्तहरूको स्वेच्छाचारिताका विरुद्ध यो बस्ती र माल्कोटका जनताले निरन्तर सङ्घर्ष गर्दै आए । यहाँका जनताको सङ्घर्षको इतिहासमा २०३२ सालदेखि ०४६ सालसम्मको १४/१५ वर्षको सङ्घर्षको प्रत्यक्षदर्शी यो पङ्क्तिकार पनि हो । यो सङ्घर्षको मूल नेतृत्व सल्लारूखका ढोक्कले विश्वकर्माले गरेका थिए । यसलाई साथ दिनेमा सल्लारूखका कटुवाले दानबहादुर विश्वकर्मा, राइटा गाउँका दलबहादुर विश्वकर्मा र बिथलडाँडाका जितबहादुर विश्वकर्मा हुनुहुन्थ्यो । यो सङ्घर्षले सामन्ती उत्पीडनलाई कमजोर बनायो । जनताको श्रमको मूल्यमा सुधार गर्‍यो । जनताको शक्तिलाई स्थापित गर्‍यो ।

पञ्चायती कालमा हुने चुनावमा माल्कोट सल्लारूखका जनता जहिले पनि स्थानीय सामन्तको विरुद्धमा खडा भए । स्थानीय सामन्त ठकुरीले आफूले भनेको मान्छेलाई भोट हाल्न भनेर रगतमा औँला चोप्न लगाउँदा पनि उनीहरूले भनेको मान्छेलाई यो बस्तीका जनताले भोट हालेनन् । बरु त्यसको विरुद्धमा उदार र आफ्नो विचारप्रति सकारात्मक दृष्टिकोण राख्ने उम्मेदवारलाई भोट दिए र सम्बन्ध कायम गरे । जनताले आफ्नो मताधिकारको स्वतन्त्रता खोजेबापत पाइलापाइलामा स्थानीय सामन्तको षड्यन्त्रको सिकार हुनुपर्‍यो । सल्लारूखका जनता त्यो बेलाको सापेक्षतामा चेतनाको दृष्टिले मात्र अगाडि थिएनन्, भौतिक दृष्टिले पनि माल्कोट गाउँमै शक्तिशाली थिए । यसैकारण स्थानीय सामन्तले यो बस्तीका जनतालाई भौतिक रूपले हमला गर्ने आँट कहिल्यै गरेनन् ।

३) राजतन्त्रात्मक संसदीय काल

०४६ सालपछिको बहुदलीय राजनीतिक वातावरणमा यो पङ्क्तिकारको नेतृत्वमा सल्लारूखका जनताको अगुवाइमा सिङ्गो माल्कोटका उत्पीडित जनताको मोर्चा बनाएर स्थानीय सामन्ती शासनका विरुद्ध सङ्घर्ष अगाडि बढ्यो । सङ्घर्षको मुख्य लक्ष्य सामन्ती उत्पीडनको अन्त्य र जनताको राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिकलगायत सम्पूर्ण अधिकारको प्राप्ति थियो । सङ्घर्षले सामन्ती हैकमलाई कमजोर बनायो । बेठबेगारी प्रथाको अन्त्य गर्‍यो । हलीडोली प्रथा हटायो । धर्म र दसैंका नाममा ठगी र मनपरी भ्यावणो (दसैंमा सामन्तले राँगा, बोका काटेबापत उनले तोकेमुताबिक जनताले तिर्नुपर्ने धान) प्रथा अन्त्य भयो । जनताले आफैं दसैंको आयोजना गर्न थाल्यो । धार्मिक उत्पीडन र ठगी हट्यो । सामन्तहरूका स्वास्नी र छोरीबुहारीले असारमा आफ्नो पनि धान रोप्न हुँदैन भन्ने चलन तोड्यो र रोप्न बाध्य गरायो । जनताले आफ्नो रोप्न र काम गर्न आएपछि मात्र उनीहरूको काम गर्न जाने मान्यता स्थापित गर्‍यो । सातु दिएर रोप्न लगाउने चलन तोड्यो । यो आन्दोलनको प्रभाव जिल्लाव्यापी पर्‍यो । जिल्लाभरिका सामन्तहरू जनताको माल्कोटको आन्दोलनका विरुद्ध केन्द्रित भए किनभने यो सङ्घर्षले कालीकोट जिल्लाका उत्पीडित जनतामा एउटा हलचल, जागरण र आकर्षण पैदा गरेको थियो । त्यो बेलाका शासक र प्रशासकहरूका दर्जनौं झूट्टा मुद्दाको सामना सङ्घर्षका नेता र सल्लारूखका जनताले गर्नुपर्‍यो ।

माल्कोट सल्लारूखका जनताले गरेको अग्रगामी, दूरदर्शी र महान् कार्यको सुरुआत के थियो भने सामन्ती आक्रमण र गुन्डागर्दीका विरुद्ध जुध्न ०४७ सालमा नै ५० जना छानिएका युवाहरूको घँगारुका काँडा भएका लट्ठी समातेको टिम गठन गरेको थियो । जनताको प्रारम्भिक सेना निर्माणको विचार त्यो बेलाको भौतिक परिवेश, सामन्तसँगको जनताको सङ्घर्ष र नेतृत्वको सोचाइको उपज थियो । लाठी बोकेको ५० जना युवाको टिम फर्मेसनमा हिँड्दा र सङ्घर्षमा सहभागी हुँदा सामन्तहरूको त सातोपुत्लो उड्थ्यो । जग्गा नापीको बेलाको सङ्घर्षको मोर्चामा त सामन्तहरू सपरिवार गाउँ छोडेर जङ्गलतिर भागेका थिए ।

स्मरण होस्, यो सङ्घर्षको सुरुआत पार्टीको निर्देशन, योजना र पहलमा भएको थिएन । सामन्तसँगको जनताको चरम अन्तरविरोध, ०४६ सालपछिको नयाँ राजनीतिक वातावरण र सचेत युवाहरूको विद्रोही प्रवृत्ति एवम् पहलकदमीमा भएको थियो । एक तह उठिसकेको ग्रामीण वर्गसङ्घर्षलाई ०४८ सालपछि पार्टीसँग जोड्न पहल गरियो ।

०५०/५१ सालमा पार्टीले सञ्चालन गरेको ग्रामीण वर्गसङ्घर्षमा यो सङ्घर्षलाई एकाकार गरेर लड्ने काम भयो । माल्कोट सल्लारूखले पार्टीको ग्रामीण वर्गसङ्घर्षको कार्यक्रममा कालीकोट जिल्लाकै सन्दर्भमा महत्वपूर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्‍यो ।

४) जनयुद्धको थालनी र निरन्तरतामा भूमिका

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले ०५२ साल फागुन १ गते जनयुद्धको थालनी गर्ने निर्णय गर्‍यो । थालनीका क्रममा कालीकोट जिल्लामा पार्टी जिल्ला सेक्रेटरी भूमिगत जाने, अरू जिल्ला सदस्यहरू खुला रूपमा रहने पार्टीनीति बन्यो । जिल्ला सेक्रेटरीले स्थायी शिक्षकको जागिरबाट राजीनामा दिएर भूमिगत जाने तयारी गर्नुभयो । फागुन १ गते जनयुद्धको उद्घोष गर्दा सम्पन्न गरिने कार्यक्रममा माल्कोट सल्लारूखले उत्साहपूर्वक भाग लियो । तोकेको कारबाही सम्पन्न गर्‍यो । फागुन २ गतेबाट त्यस बेलाको गिरिजा सरकारले देशव्यापी दमन सुरु गर्‍यो । कालीकोटमा पनि दमन गर्न थाल्यो । त्यो बेलाका जिल्ला कमिटीका १५ जना जिल्ला सदस्यहरूमा १२ जना आत्मसमर्पण गरी एमालेमा प्रवेश गरे । आफू मात्र एमालेमा प्रवेश गरेनन् कि कार्यकर्ता र जनतालाई समेत आत्मसमर्पण गर्न लगाई एमाले बनाउने अभियानमा लागे । १ जना जिल्ला सदस्य क. प्रभातलाई पनि भ्रममा पारे । पछि वास्तविकता बुझेपछि उहाँ पार्टीमा अडिग रहनुभयो । जिल्ला सेक्रेटरी र १ जना जिल्ल सदस्य मात्र बाँकी रहे । बाँकी रहेका १ जना जिल्ला सदस्य एकराज पनि पछि ०५६ सालमा दुस्मनसँग आत्मसमर्पण गरेर जनहत्या र दमनमा उत्रियो । जिल्लाभरि पार्टी र जनसमर्थनमा प्रतिक्रान्ति भयो । विचारणीय पक्ष के छ भने जिल्लाभरि अवसरवादीको कायरतापूर्ण आत्मसमर्पण, एमाले बनाउने दुस्साहस र दुस्मनको दमनको अत्यन्त प्रतिकूल अवस्थामा माल्कोटको सल्लारूख बस्ती कालीकोट जिल्लाको जनयुद्धको पिलर र जनआधार गाउँका रूपमा अभेद्य किल्लाझैं खडा भयो ।

५) जनयुद्धका १० वर्षमा मुख्य भूमिका

सल्लारूख गाउँ, पार्टी कार्यकर्ता र जनताका निम्ति उदाहरणीय जनआधार बन्यो जसले जिल्ला पार्टीलाई जनआधार निर्माणको दिशानिर्देश गर्‍यो भने आमजनतालाई सङ्गठित जनआधारमा बदलिन प्रेरणा प्रदान गर्‍यो । यसको विकसित रूप कालीकोट जिल्ला सिङ्गो कर्णाली र सेती-महाकाली प्रदेशको आधारइलाकाको मुख्य र घनीभूत जनआधार जिल्ला बन्न पुग्यो । कालीकोट जिल्लाले सयौं नेता, कार्यकर्ता र जनसेना तयार गरी सेती-महाकालीलगायत देशव्यापी जनयुद्धको मोर्चामा पठायो ।

जनयुद्धको भीषण प्रक्रियामा ०५४ साल चैत २६ गते माल्कोट बिथलडाँडा गाउँमा पार्टी नेतृत्व र जनतामाथि आक्रमण गर्न आएको ११ जनाको सशस्त्र प्रहरी जत्थाको गोलीबाट ४ जना महिला र १ जना पुरुष गरी ५ जना घाइते बनाइएको आक्रोश र जनप्रतिरोधमा लाठी, ढुङ्गा, हँसिया, खुकुरी, खर, आगोलगायतको बलमा १ जना प्रहरीको मृत्यु र अन्यलाई घाइते बनाएर निःशस्त्र जनताले सशस्त्र प्रहरी जत्थाको राइफल खोसेर नेपाल कम्युनिस्ट पार्टी (माओवादी) लाई बुझाई जनयुद्धलाई जीवन्त जनताको जनयुद्धमा बदलेर पार्टी र जनयुद्धलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमै नयाँ स्तरमा उठायो । जनताको यो प्रतिरोध र जनकारबाही सिङ्गो पार्टीपङ्क्ति र जनयुद्धका निम्ति गौरव, प्रेरणा र अनुकरणीय जनप्रतिरोध बन्न पुग्यो । पार्टी केन्द्रीय समितिले दस्ताबेजीकरण गरेर स्थापित पनि गर्‍यो ।

चैत २६ गतेको दमन र जनप्रतिरोध घटनाको लगत्तै ०५५ जेठमा तत्कालीन गिरिजा सरकारले माओवादी जनयुद्धका विरुद्ध सञ्चालन गरेको "किलो सेरा टु अप्रेसन" लाई मुख्यतः माल्कोट र त्यस क्षेत्रमा केन्द्रित गर्‍यो । त्यसमा पनि माल्कोटलाई मुख्य निशाना बनायो । असार ६ गतेबाट कालीकोटमा सुरु गरेको अप्रेसनमा जनतालाई घरबाट लखेटीलेखेटी हत्या सुरु गर्‍यो । असार ८ गते माल्कोट उच्छवका नाग्मल विक, ९ गते बिथलडाँडाका जितबहादुर विक र तलीघरका कालीबहादुर विक, १० गते तलीगाउँका गोरीकला विक, नौलासिंह विक, जयाबहादुर विक र जुनथलाका मन्दिर बटाला, ११ गते ५ नं. वडा कयरहाल्नाका रत्नबहादुर विक गरी माल्कोटमा मात्र ८ जना सर्वसाधारण जनताको पाशविक हत्या गर्‍यो । यो जनहत्या चैत २८ गते माल्कोटका जनताले गरेको जनकारबाहीको बदलामा थियो भन्ने कुरा प्रस्टै हुन्छ । त्यो बेलाको अप्रेसनमा लालु गाविसमा क. बलभद्र (कटकबहादुर कुँवर), मीनबहादुर बिष्ट, गोपालकुमार बिष्ट र रत्नमान बिष्ट गरी १ जना कार्यकर्ता र ३ जना विद्यार्थीसमेत ४ जनाको हत्या गर्‍यो । कोटवाडा गा.वि.स. की छात्रा अतिरूपा बिष्ट, किसान दिलबहादुर विक र जनकबहादुर बिष्ट गरी ३ जनाको हत्या गर्‍यो । त्यो अप्रेसनका क्रममा कालीकोट जिल्लामा हत्या गरिएका १५ जनामा ८ जना किसानको माल्कोटमा मात्र हत्या गर्‍यो । किलोसेरा टु अप्रेसनमा १ महिनासम्म माल्कोटका जनतालाई गाउँबाट जङ्गल लखेट्यो । सल्लारूखलगायत माल्कोटका जनताले १५ दिनसम्म घरको चुलो बाल्न पाएनन् । गिरफ्तारी, यातना, बलात्कार, लुटपाट, घर तोडफोड, अन्नपात नष्टको त कुरा गरी साध्य छैन । माल्कोटका जनताले विशेषगरी माल्कोटमा केन्द्रित गरेर कालीकोटमा चलाइएको उक्त अप्रेसनको रत्ति पनि नडग्मगाई सामना गर्‍यो । कालीकोटमा पार्टी र जनयुद्धलाई नयाँ उचाइ प्रदान गर्न सल्लारूख गाउँ र माल्कोट गाविसले नेतृत्वदायी भूमिका निर्वाह गर्‍यो ।

६) सङ्कटकाल र शाही सेनासँगको युद्धमोर्चामा भूमिका

जनयुद्धको बेला सामन्ती प्रतिक्रियावादी राज्यसत्ताको नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, माओवादी पार्टी, जनमुक्ति सेना र नेपाली जनतासँगको युद्धमोर्चामा पराजित भएपछि जनयुद्धलाई नयाँ उचाइ प्रदान गर्न पार्टीले ०५८ मङ्सिर ८ गते शाहीसेनाको दाङ जिल्लाको ब्यारेकमाथि पहिलो हमला गर्‍यो । जनयुद्धको जीवनमा शाहीसेनामाथि युद्धलाई परिलक्षित गर्ने सवालमा यो पहिलो मोर्चा थियो । शाहीसेनाविरुद्ध युद्धमोर्चा खोल्ने रणनीति केन्द्रीय सत्ता कब्जा गर्ने जनयुद्धको राजनीतिक उद्देश्यमा फौजी विकासको गुणात्मक फड्को थियो । जब जनमुक्ति सेनाले शाहीसेनाको दाङ ब्यारेक र एभुनेसन कब्जा गर्‍यो । यो मोर्चाले पार्टीपङ्क्ति, जनमुक्ति सेना र आम श्रमजीवी नेपाली जनतामा उत्साह, विश्वास र जनयुद्धप्रतिको थप जिम्मेवारी बोध गरायो । सामन्ती प्रतिक्रियावादी राज्यसत्ता, त्यसका सञ्चालक, राज्यको सुरक्षा शक्ति (सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी), सत्ताधारीहरूका साम्राज्यवादी मालिक र देशीविदेशी प्रतिक्रियावादीहरू आतङ्कित, निराश र नेपालमा पराजयको घन्टी बजेको महसुस गर्न थाले ।

शाहीसेनामाथिको दाङ सफल फौंजी कारबाहीले जब राजनीतिक एवम् फौजी दुवै दृष्टिले माओवादी पार्टी र नेपाली जनयुद्धको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा जबर्जस्त प्रभाव छोड्यो तब देशीविदेशी प्रतिक्रियावादीहरू यसलाई कमजोर पार्न र न्यूनीकरण गर्न "गोयबल्स शैली" मा अफवाहको बाढी लगाउन थाले । उनीहरू एउटै स्वरमा भन्न थाले- "शाही सेनाले युद्धको घोषणा गरेकै थिएन, झुक्याएर आक्रमण गरियो, युद्धको नियमविपरीत, अब शाहीसेना घोषित युद्धमा प्रवेश गर्‍यो । माओवादी पार्टी, जनसेना र जनयुद्धको पत्तासाफ गर्छ" लगायत तथानाम ओकल्न थाले । लगत्तै मङ्सिर ११ गतेबाट देशमा सङ्कटकाल घोषणा गरी शाहीसेना परिचालन गरियो । सामन्ती प्रतिक्रियावादी राज्यसत्ताको अन्तिम सैन्य शक्ति शाहीसेना प्रतिक्रियावादी युद्धमोर्चा खोलेर जनयुद्धका विरुद्ध आउनु र भ्रामक प्रचारको बाढी लगाउनुले माओवादी पार्टी, जनमुक्ति सेना, जनयुद्ध र नेपाली जनताले यसको दृढता, दक्षता र कुशलतापूर्वक सामना गरेर विजय हासिल गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न सकारात्मक र नकारात्मक कोणबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उब्जिएका थिए । यो माओवादी पार्टी, जनमुक्ति सेना र नेपाली जनताका निम्ति कठिन परीक्षणको घडी पनि थियो ।

शाहीसेना सङ्कटकालको घोषणा गरी जनयुद्धका विरुद्ध प्रतिक्रियावादी युद्धमोर्चा खोलेर आइसकेपछि माओवादी पार्टी, जनमुक्ति सेना र नेपाली जनताले प्रतिक्रियावादीहरूको अफवाह र शाहीसेनाको हाउगुजीको नशा उतार्न एउटा युद्धमोर्चामा धुलोपिठो पार्नु जनयुद्धको वस्तुगत एवम् मनोवैज्ञानिक आवश्यकता बन्न गएको थियो । यही आवश्यकताको परिपूर्ति गर्न पार्टी केन्द्रीय समितिले व्यापक छलफलपछि फौजी कारबाहीको नीति तय गर्‍यो । ठोस योजना तय गर्दा देशव्यापी सम्भावनाबारे आकलन गरियो । त्यो बेलाको पश्चिम ब्युरोले गर्नुपर्ने निर्णय भयो । स्मरण होस्, 'त्यो युद्धमोर्चा हार्ने नमिल्ने युद्धमोर्चा थियो किनभने युद्धमोर्चाका कतिपय विशिष्ट र वस्तुगत पक्ष यस्ता हुन्छन जुन युद्ध सञ्चालन गरिराखेको शक्तिको इच्छाविपरीत हुन्छन ।' आगामी लडिने युद्धमोर्चामा पूर्ण जितको आधारभूत विशेषताका निम्ति पश्चिम ब्युरोलाई जिम्मा दिइयो । पश्चिम ब्युरोअन्तर्गतको राप्ती उपब्युरोमा २/३ महिनाअगाडि दाङ कारबाही सम्पन्न भैसकेको थियो । त्यसैले भेरी-कर्णाली उपब्युरोमा कारबाही सम्पन्न गर्नुपर्ने आवश्यकता भयो । चुनौती, सम्भावना र आवश्यकताका बारेमा व्यापक छलफलपछि भेक उपब्युरोमा गर्ने निष्कर्षमा उपब्युरो पुग्यो । लामो तयारी गरेको पहिलो मोर्चाको एउटा भागमा रहेको जबर्जस्त प्रतिकूलताले पूर्वतयारी मोर्चा बदल्नुपर्‍यो र अछाम जिल्लाको सदरमुकाम मङ्गलसेन मोर्चा छान्नुपर्‍यो ।

गिरिजा सरकारले सङ्कटकाल घोषणा गरी जनयुद्धको जीवनमा पहिलोपटक शाहीसेना परिचालन गरेको वस्तुगत अवस्थामा मङ्गलसेन मोर्चाको तयारी र त्यसको पूर्ण विजय आफैँमा असामान्य कुरा थियो । त्यो मोर्चाको तयारी माल्कोटको सल्लारूखलगायत सिङ्गो गाउँमा सुरु भयो । त्यत्रो मोर्चाको तयारी, भीषण युद्धकाल र त्यसको गोपनीयताको रक्षा आफैँमा चुनौतीपूर्ण थियो । युद्धमोर्चामा सहभागी हुने १९ सय शक्तिको तयारीको १५ दिनसम्मको व्यवस्थापन माल्कोट गाउँले दक्षतापूर्वक गर्‍यो । बिनाप्रतिकूलता तयारीका निम्ति पूर्ण अनुकूल वातावरण र सुरक्षा सुनिश्चित गर्‍यो । बडो रोचक कुरा त के थियो भने पार्टी र जनमुक्ति सेनाको माल्कोटमा कार्यक्रम छ भन्ने खबर आसपास गाविसका जनताले पाएपछि खुसीको लहर छाएको थियो । कार्यक्रम हेर्न भनेर छिमेकी गाविस का सत्तरी-असी वर्षका बूढाबूढीदेखि सातआठ वर्षका बालबच्चाले समेत आफूले सक्ने व्यवस्थापनका निम्ति आपूर्तिका सामना बोकी दुईतीन घन्टाको बाटो हिँडेर माल्कोट आई तयारीको कार्यक्रम हेरेर जानुभयो ।

०५८ फागुन ४ गते राति मङ्गलसेन सदरमुकाममाथि आक्रमण भयो । उक्त कारबाही फागुन १ गते जनयुद्ध दिवस पारेर गर्ने योजना थियो । मङ्गलसेनमा रहेको शाहीसेनाको ब्यारेक त डेढ घन्टामै कब्जा भयो । जिल्ला प्रहरी र सशस्त्र प्रहरी क्याम्पसँगको युद्धमोर्चा रातभर जारी रह्यो । बिहान उज्यालो भएपछि नियन्त्रणमा आयो । शाहीसेनाको ब्यारेक, सशस्त्र र नेपाली प्रहरीको जिल्ला क्याम्प कब्जा भएपछि गिरिजा सरकार, देशीविदेशी प्रतिक्रियावादीहरू र शाहीसेनाको सङ्कटकाल, सेना परिचालन एवम् अफवाहले हावा खाएर माटोमा मिल्यो । नेपाली जनयुद्धले अर्को उचाइ हासिल गर्‍यो । जनयुद्धको वस्तुगत आवश्यकतालाई यो कारबाहीले सशक्त रूपमा पूरा गर्‍यो ।


अछाम मङ्गलसेन विजयी फौजी मोर्चाको बदलामा शाहीसेनाले फागुन ८ गतेबाट कालीकोट जिल्लामा अप्रेसन र दमन सुरु गर्‍यो । अप्रेसनको मुख्य निशाना माल्कोट गाउँ र सल्लारूख बस्तीलाई बनायो । शाहीसेनाको काउन्टर अप्रेसनमा बेलगाम आगजनी, लुटपाट, जनतालाई गाउँबाट लखेट्ने, जनताको घर, अन्नपात तोडफोड एवम् नष्ट गर्ने गर्‍यो । उक्त अप्रेसनमा सल्लारूखमा यो पङ्क्तिकारका दुईवटा घरमा सबैभन्दा पहिले आगो लगायो । घरको सबै सम्पत्ति खरानी बनायो । घरमा आगो लगाउने बेला त्यसको दायाँबायाँतिरका मात्र ११ वटा घरमा आगो लगायो । त्यो अप्रेसनमा माल्कोट, कोटवाडा, लालु, कुमालगाउँ र रूपसा गाविसमा जनताका घर र गोठ गरी ८५ वटामा आगो लगाएर ध्वस्त पार्‍यो । जिल्लाभरि दमन गर्‍यो । माल्कोटलगायत जिल्लाभरिका जनताले यसको डटेर सामना गरे । अछाम मङ्गलसेन सदरमुकाम कारबाहीका पक्षमा जनताले आफूलाई दृढतापूर्वक खडा गर्‍यो ।

शाहीसेनाको आगजनीबाट घरबासविहीन भएका जनताको बासको व्यवस्था गर्न पार्टी र जनसत्ताले इन्जिनियरद्वारा नयाँ घरको डिजाइनिङ, स्थानीय साधनस्रोत परिचालन र कर्णाली-भेरी स्तरको दक्ष श्रमशक्ति केन्द्रित गरी आवास पुनर्निर्माण अभियान सञ्चालन गर्‍यो । यो अभियानले गाउँका जनतामा प्रेरणादायी सन्देश प्रवाह गर्‍यो । त्यो बेला जनताको आपसमा भनाइ थियो, "शाहीसेनाले हाम्रो घरमा किन आगो नलगाएको होला ? आगो लगाएको भए अहिले माओवादी पार्टी र जनसत्ताले नयाँ र आधुनिक घर निर्माण गरिदिने थियो ।" त्यो बेला नेतृत्वको घरबाहेक सबै घर निर्माण भए । निर्माणकार्य अन्तिम अवस्थामा पुगेको बेला वा छाना हाल्ने बेला शाहीसेनाले फेरि बम बर्सायो । शाहीसेना र सत्ताधारीहरूको यो कार्य पार्टी र जनसत्ताले निर्माण गरेका नयाँ नमुना घरबाट जनतामा परेको सकारात्मक प्रभावबाट आतङ्कित हुन पुगेको मानसिकताको उपज थियो । यो निर्माणकार्य फेरि सुरु गरेर पूरा भयो । निर्माणकार्यको सम्पन्नता ध्वंसलाई निर्माण र नकारात्मक घटनालाई सकारात्मक परिघटनामा बदल्ने मालेमावादी द्वन्द्ववादको प्रयोग र पार्टी नेतृत्वको सचेत पहलकदमीको परिणाम थियो ।

क्रमशः अर्को अङ्कमा


## भावपुर्ण श्रद्धाञ्जली

जन्म
२०२३-०१-१३



स्व. शिवराज देवकोटा

निधन
२०७४-०२-१९

भरतपुर महानगरपालिका १ नं. निवासी समाजसेवी आदरणिय दाजु **स्व. शिवराज देवकोटा**को मिति २०७४ ज्येष्ठ १९ गते ५१ वर्ष उमेरमा भएको असामयिक निधनको घटनाबाट हामी वडाबासी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । साथै यस दुःखद् घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**यमबहादुर रानामगर**
वडा सदस्य, भरतपुर-१, रामनगर

# खाडी क्षेत्रमा प्रोक्सी वार

सापेक्षित रूपमा शान्त रहेको खाडी क्षेत्रमा एकाएक तनाव उत्पन्न भएको छ। एक महिनाअगाडि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प साउदी अरबको भ्रमणबाट फर्केपछि उक्त द्वन्द्व सतहमा आएको हो। ट्रम्प फर्केलगत्तै 'खाडी मुलुकहरूलाई इरानविरुद्ध एकजुट हुन ट्रम्पले आग्रह गरेको' समाचार त्यसबेला सार्वजनिक भएको थियो। खाडी सुन्नी सम्प्रदाय बहुल मुस्लिम क्षेत्र हो। इरान भने सिया सम्प्रदाय बहुल देश हो। अमेरिकी पछिल्लो नीतिप्रति कतारले सार्वजनिक रूपमै असन्तुष्टि जनाएको थियो। त्यसबाट अमेरिका थप रुष्ट बनेको थियो। इजिप्ट, कतार र साउदी अरबका बीचमा चिसोपना बढिरहेका बेला कतारका विरुद्ध अन्य ६ खाडी देशहरू सम्बन्धविच्छेदको निर्णयमा पुगेका हुन्।

खाडी सहकार्य परिषद् नामको क्षेत्रीय सङ्गठनका साउदीसहित तीन देशले नै कतारलाई आतङ्कवादलाई प्रश्रय दिएको आरोपसहित बिहीबार (२५ जेठ) देखि कूटनीतिक सम्बन्धविच्छेद गरेपछि कतार अप्ठ्यारोमा परेको हो।

कतार संसारकै धनी देश हो। कतारमा गरिबी कस्तो हो थाहै छैन। कतार जनताले राज्यलाई तिर्नुपर्दैन। सन् १९९५ देखि कतारले विश्वमा सबैभन्दा धेरै तेल उत्पादन गर्दछ। त्यसबाट मनग्गे आम्दानी गर्दै समृद्ध बन्दै गएको कतार र उसको स्वतन्त्र विदेश नीतिका कारण छिमेकी साउदी अरब र उसको मालिक अमेरिका सशङ्कित हुँदै आएका थिए। कतारले इरानसँगको आर्थिक सहकार्यमा तेल कारोबार गरिरहेको छ।

खाडीको राजा (गल्फकिङ) भनिने साउदी अरब अमेरिकी टेकोमा उक्त क्षेत्रमा प्रमुख कायम गर्न चाहन्छ। कतारसहित खाडीमा साउदी अरबको खटनपटन चल्दै आएको छ। कतार पनि केही वर्षअघिसम्म त्यही अवस्थामा थियो। तर कतारले बिस्तारै स्वतन्त्र विदेश नीति अवलम्बन गर्दै आयो। साउदी अरबमार्फत अमेरिकी नीति खाडीमा लागू गरिन्थ्यो। ठूलो अमेरिकी लगानी रहेको कतारले अमेरिकाको दबाबको बेवास्ता गर्दै इरानसँग सहकार्य जारी राखेको छ। इरान भने रुसको साथसहयोगमा चलिरहेको छ। सन् १९५१ मा बेलायतको उपनिवेशबाट मुक्त कतार साउदी अरबको छाताभित्र थियो। साउदी छाताबाट निस्केर स्वतन्त्र विदेश नीति अवलम्बन गर्न थालेपछि कतार-साउदी सम्बन्धमा चिसोपन बढ्दै गएको हो। साउदी अरबसँग दूरी बढ्नु भनेको कतारसँग पनि दूरी बढ्नु थियो। आफ्नो स्वार्थमा धक्का लागेपछि ट्रम्प प्रशासनले खाडीमा अस्थिरता पैदा गरेको जानकारहरूको आरोप छ। "राष्ट्रपति ट्रम्प जब साउदी अरब आएर सुन्नी अरबको गठन गर्दै इरानको विरुद्ध एक बनाए; त्यो नै त्यस क्षेत्रका लागि निकै महँगो क्षेत्रीय विचलनकारूपमा रहने निश्चितप्रायः छ। यो प्रयासलाई केही हदसम्म बाराक ओबामाले सन्तुलन गरेका थिए। अब यो क्षेत्र पनि त्रिपक्षीय शक्ति सन्तुलनको चपेटामा पर्नेछ", साउदी अरबका लागि भारतीय राजदूतसमेत रहिसकेका तलमिज अहमद भन्छन्। इरान सिया बहुल मुस्लिम देश हो। खाडीमा रुसी प्रभाव बढिरहेको बेला चीनले पनि प्रभाव विस्तार गर्दै गएको छ। बलुचिस्तानमा ठूलो चिनियाँ लगानी आफैँमा खाडी पस्ने द्वारका रूपमा हेरिन्छ। सोप्रति भारतले विरोध जनाएर खाडीमा आफ्नो उपस्थितिको सन्देश दिएको छ।

साउदी अरबले आफ्नो वर्चश्व रहेको खाडी सहयोग परिषद्मार्फतइरानसहित अन्यसँग सम्बन्ध राख्न चाहन्छ तर आर्थिक समृद्धिसँगै कतारले स्वतन्त्र विदेश नीति अवलम्बन गरेपछि साउदी अरब कतारलाई दण्डित गर्न लालायित थियो। कतारको बहिर्गमनले खाडी क्षेत्रमा तनाव बढ्ने र बाँकी खाडी देशमा साउदी अरबको हैकम भन् बढ्ने आँकलन गर्दै हतारमा कतारसँग सम्बन्ध तोडेका बाँकी खाडी देशहरू फुर्सदमा पछुतो मान्न थालेका छन्। त्यसैकारण कुवेतले कतार समस्याको मध्यस्थता गर्ने बताएको छ। उता कतारको शिर ठाडो देखेपछि अमेरिकी राष्ट्रपति ट्रम्पसमेत १८० डिग्री फन्को मार्दै खाडी एकताको वकालत गर्न पुगेका छन् जबकि साउदी कदमलाई ट्रम्पले स्वागत गरेका थिए। खाडीमा अमेरिकी वर्चश्व घट्ने र इरान-सिरिया-टर्की-कतार गठबन्धन बढ्ने देखेपछि ट्रम्प फन्को मार्न बाध्य भएको देखिन्छ। टर्कीमा असफल सैन्य विद्रोहपछि टर्की-अमेरिका सम्बन्ध नाजुक अवस्थामा छ। युरोप र एसियाको ढोका मानिने टर्कीले कतारलाई खाद्यान्न उपलब्ध गराउने प्रतिबद्धता गरेको छ। साउदी अरबले कतारमा खाद्यान्न आपूर्ति गर्दै आएको थियो। कतारको साउदी अरबसँग मात्र स्थल सीमा छ। डोनाल्ड ट्रम्प इजरायल हुँदै स्वदेश फर्केको दोस्रो दिन कतारी अमिर शेख तामिम बिन हमाद अलथानीले साउदी अरबलाई अमेरिकी पिछलग्गु भनेका थिए। घटनाको पछिल्लो उत्कर्ष कारण अलथानीको त्यही धारणा मानिएपनि ट्रम्पको भ्रमण र अमेरिकी प्रशासनको द्वन्द्व भड्काउने र हतियार बेच्ने रणनीति नै समस्याको मूल कारण हो। कतारी सरकार सम्बद्ध सञ्चारले अमेरिकी चाहनाविपरीत हमास र हिबुल्ला विद्रोही समूहको प्रशंसा गर्दै आएका थिए। कतार-साउदी अरबको सम्बन्धमा चिसोपन पहिला पनि नआएको होइन। सन् २०१४ मा पनि साउदी अरबसहित तीन देशले आआफ्ना दूतावास बन्द गरेका थिए। तर पनि कतार हल्लिएको छैन।

इरानमा अमेरिकी उपस्थिति कमजोर भइरहेका बेला हालै अमेरिकाले साउदी अरबमा १ सय १० अर्ब डलर रक्षा सम्झौता गरेको छ। अमेरिकी लगानीको भक्तिभावमा साउदी अरबले त्यसप्रकारको कदम चालेको भन्नेहरूको पनि कमी छैन।

अमेरिकी गठबन्धन रुष्ट हुनुमा कतार सरकार संरक्षित लोकप्रिय टेलिभिजन अलजजिरा पनि हो। बीबीसी र सीएनएनपछि खाडीको एउटा सानो देशमा चलिरहेको अलजजिरा तेस्रो स्थानमा लोकप्रिय हुनु र अलजजिराले अमेरिका र पश्चिमी स्वार्थमा नाच्न नमान्नु अर्को महत्वपूर्ण कारक मानिन्छ। पश्चिमी देश र साउदी अरबले अलजजिरालाई 'देशद्रोह भड्काउने' आरोप लगाएका छन्। उसले विद्रोहीहरूको समाचारलाई स्थान दिने गरेको छ।

सन् २०२२ को विश्वकप कतारमा हुने भएको छ। बेलायतसहित पश्चिमी देशहरू कतारमा उक्त खेल भएको हेर्न चाहन्नन्। नयाँनयाँ शक्ति राष्ट्रहरूको उदय उनीहरूलाई पाच्य छैन। उसैपनि कतार कुनैबेला बेलायतको दास (उपनिवेश) थियो। कतारले बाजी मारेपछि सो खेल रोक्न अनेक बहानाबाजी सुरु गरियो। लोकतन्त्रका नाममा घोर असहिष्णु र पछौटे बेलायतले 'कतारको चर्को घाममा आफ्ना खेलाडीले खेल्न नसक्ने' भनेर किचलो झिक्यो। कतारले संयमपूर्वक वातानुकूलित रङ्गशाला बनाउने साहसिक निर्णय गरेर बेलायतको मुख थुनिदियो। त्यसपछि मानवअधिकार र श्रम सम्झौताको विषय उठाएर बदनाम गर्न खोजियो। रङ्गशाला निर्माणमा खटेका श्रमिकलाई उचित ज्याला नदिएको, ८ घन्टाभन्दा बढी काम लगाएको जस्ता विषयहरू उठे। पश्चिमी लगानी भएका गैरसरकारी संस्थाहरूले त्यो विषय उठान गरे। सञ्चारमा प्रभाव पारेर जोडतोडले सो विषय भयावह चित्र बनाइयो। त्यसपछि कतारले उच्च श्रम सम्झौता गरेर त्यो प्रचार रोक्यो। नेपालमा पनि त्यो बहस एकाएक उठ्यो र पानीको फोकोझैँ फुट्यो।

यी घटनाहरूबाट के प्रस्ट हुन्छ भने कतारको स्वतन्त्रताको चाहना र अमेरिकी पाल्तु कुकुर साउदी अरबको हस्तक्षेप नै खाडी समस्याको कारक हो। यसका पछाडि युरोप र अमेरिका छन्। कतारको स्वतन्त्रताको चाहना र दह्रो कदमका निश्चित आधार छन्। उसको बलियो अर्थतन्त्र छ। उसको पछाडि इरान र टर्कीजस्ता शक्तिशाली मुस्लिम देशहरू छन्। चीन र रुसजस्ता विश्व शक्तिको समर्थन कतारको साथमा छ। तनाव बढाउँदै लगेर खाडीमा हतियार बेच्ने र खस्कँदो अर्थतन्त्रलाई बचाउने अमेरिकी षड्यन्त्र खाडी तनावमा पूरा हुने सम्भावना कम छ। सबैभन्दा बढी तेल उत्पादक देश कतारमा अस्थिरता आयो भने कतार एक्लै प्रभावित हुनेछैन। तर त्यसले अमेरिकी गठबन्धनलाई नै सबैभन्दा बढी घाटा हुने निश्चित छ।




# बेलायतमा अस्थिरता

बेलायतमा बिहीबार भएको संसदीय निर्वाचनमा कुनैपनि दलको स्पष्ट बहुमत आउन सकेन। जसका कारण दुई पार्टी प्रणालीमा चल्दै आएको पश्चिमी प्रजातन्त्रमा ठेस पुगेको छ। स्पष्ट बहुमतको अभावमा बेलायतमा संयुक्त सरकार बन्ने निश्चित भएको छ। कन्जरभेटिभ पार्टीले ६५० मध्ये ३९९ स्थानमा मात्र विजय हासिल गरेको छ। लेबर पार्टीले २६१ स्थान हात पारको छ। स्कटिस नेसनल पार्टीले ३५ र लिबरल डेमोक्रेटिक पार्टीले १२ सिट जितेका छन्।

सन् २०१५ मा भन्दा यस वर्ष सत्तारुढ पार्टीले १२ स्थान गुमाएको लेबर पार्टीले २९ स्थानमा प्रगति गरेको छ। सबैभन्दा बढी स्कटिस नेसनल पार्टीले २१ सिट गुमाएको छ। आफ्नो स्पष्ट बहुमत हुँदाहुँदै पनि युरोपियन युनियनबाट हट्न अझ भारी बहुमत आवश्यक हुने भन्दै बेलायतमा मध्यावधि चुनावको घोषणा सत्तारुढ दलले गरेको थियो तर सत्तारुढ दलको अपेक्षाभन्दा उल्टो परिणाम आएको छ। अतिवादी आक्रमण र युरोपियन युनियनबाट अलग हुने निर्णयले बेलायत अस्थिरतातर्फ गइरहेको विश्लेषण भैरहेको बेला मत परिणामले थप अन्योल बढाएको छ। जनताले मध्यावधिनिर्वाचन नरुचाएको भन्दै प्रधानमन्त्री टेरेजा मेको पार्टीभित्रै आलोचना बढ्दै गएको छ। जम्मा १० स्थानमा जितेको आयरल्यान्डको डेमोक्रेटिक युनिअनिस्ट पार्टीसँग मिलेर मे नयाँ सरकार गठनका लागि शुक्रबार महारानी भेट्न बकिङ्घम गएकी छिन्। तर प्रमुख प्रतिपक्षीले भने भारी बहुमतका लागि गरिएको मध्यावधि निर्वाचनमा सत्तारुढ दलले झनै कम मत पाएको कारण उसको नैतिक पराजय भएको भन्दै अल्पमतको सरकार बनाउन पाउनुपर्ने दाबी गरेको छ। आयरिस दलले भने सरकार बाहिरैबाट समर्थन मात्र गर्नसक्ने अनुमान छ। राजनीतिक अस्थिरताको सङ्केतसँगै बेलायती मुद्रा पाउन्डमा गिरावट आएको छ

# इरान कतारका पक्षमा

टर्की सरकारले कतारले सम्भावित खाद्य सङ्कट टार्न सहयोग गर्ने बताइरहेका बेला इरानले कतारमा ठूलो मात्रामा जलमार्गबाट खाद्यान्न, तरकारी र फलफूल पठाएको छ। आइतबार इरानले ५ वटा ठूलाठूला मालवाहक जहाज (कार्गो) दोहा पठाएको छ। हरेक कार्गो ९० टन बोकेर दोहा पुगेका छन्। दोहा सरकारको माग र आवश्यकताअनुसार लगातार खाद्यान्न पठाइरहने इरानका अधिकारीहरूले बताएका छन्। इरानको दायर बन्दरगाह कतारको सबैभन्दा नजिकको बन्दरगाह हो। उक्त बन्दरगाहबाट कतारका लागि आवश्यक वस्तु पठाउने इरानको भनाइ गत सोमबार (जेठ) २५) दक्षिणएसियाका माल्दिभ्ससहित ७ वटा राष्ट्रले अमेरिकी गठबन्धनले नाकाबन्दी लगाएको इरानसँग सहकार्य गरेको, अरब एकतामा भाँजो हालेको, अतिवादीहरूलाई सहयोग गरेको आरोप लगाएर सम्बन्धविच्छेद गरेका थिए। कतारका अमिरले साउदी अरबलाई अमेरिकी दलाल भनेपछि साउदी अरब चिढिएको थयो। तर कतारले आफूले त्यसो नभनेको र ह्याकरहरूले बदमासी गरेको बताएको छ। अमेरिकाले भने रुसीहरूले षड्यन्त्र गरेको आरोप लगाउँदै छानबिन गर्ने बताएको छ। त्यसलाई अमेरिकी पछिहटाइ ठानिएको छ।

# पत्रकार टोली चीनतिर

पत्रकारहरूको एउटा टोली चीनको राजधानी बेइजिङ गएको छ। 'शान्ति र विकासका लागि चीन-नेपाल मञ्चको आयोजनामा ५ सदस्यीय टोली बेइजिङतिर उडेको हो। टोलीमा पूर्वसूचना तथा सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्ता, जनआस्था साप्ताहिकका सम्पादक तथा वरिष्ठ पत्रकार किशोर श्रेष्ठ, प्रेस काउन्सिलका निवर्तमान अध्यक्ष बोर्णबहादुर कार्की, राइजिङ नेपालका योगेश पोखरेल र नेपाल पत्रकार महासङ्घ नुवाकोट शाखाका सदस्य तथा विद्यार्थी नेता नारायण नेपाल छन्। उक्त टोली एकहप्ते नेपाल-चीन सम्बन्ध विस्तार र आपसी सहयोग विस्ताराका सम्बन्धमा विभिन्न कार्यक्रम र गोष्ठीमा भाग लिनेछ। जनवादी गणतन्त्र चीनको युनान प्रान्तीय सरकारको निमन्त्रणमा उक्त टोली चीन प्रस्थान गरेको बताइएको छ।


बलराम भण्डारी
मो.: ९८५५०५५५८२
अफिस: ०५६-५७१०८२
मकालु इन्जिनियरिङ्ग
न्यूरोड, पुल्चोक, नारायणगढ, चितवन
अत्याधुनिक मेशिनबाट सिलिण्डर ब्लक रिबोरिङ, लाइनर बोरिङ, क्र्याङ्क साफ्ट टर्निङ, हेड मेकिङका साथै इन्जिन र लेथ सम्बन्धी सम्पूर्ण काम ग्यारेण्टीका साथ गरिन्छ।

जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको कामना गर्दछु।
इन्चार्ज : तेज बहादुर थापा - ९८४५११०३८१
शक्ति पूर्व सैनिक सेक्यूरिटी कम्पनी प्रा.लि.
चितवन शाखा, नारायणगढ

जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको कामना गर्दछु।
अधिवक्ता
कमल पाठक
चितवन

☎.: ०५६-५२३५८१, ५२६१७३
साझा टि.भी. सेन्टर
शहीदचोक, नारायणगढ, चितवन
LG TOSHIBA Godrej VIDEOCON
चितवनका लागि LG ब्राण्डका सामानहरूको अधिकृत विक्रेता
विभिन्न प्रकारका इलेक्ट्रोनिक्स सामानहरू बिक्री गर्नुका साथै मर्मत पनि गरिन्छ।

# भाषा हाम्रो अस्तित्वको मूल हो : नोम चोम्स्की



■ अनुवादकः शैलेन्द्र समदर्शी

बर्सौंदेखि विशेषज्ञहरू भाषा अनौठो हुन्छ भन्ने कुरालाई मान्दै आइरहेका छन् । सन् १९५६ को एक दिन भाषाविज्ञानका एक युवा प्रोफेसरले शीर्ष अमेरिकी शिक्षा संस्थान एमआईटीमा सूचना सिद्धान्तमाथि आयोजित एक गोष्ठीमा ऐतिहासिक भाषण दिए । उनको तर्क थियो, प्रत्येक अर्थपूर्ण वाक्यले केवल आफ्नो भाषाको नियम मात्र होइन तर सबै भाषामाथि लागू हुने वैश्विक व्याकरणको नियमलाई मान्दछ । यति मात्र होइन, साना नानीहरू ठूलाहरूले गरेको कुराकानीलाई नक्कल गरेर वा आफूवरिपरिका बाहिरी परिवेशबाट भाषा सिक्नुको सट्टामा भाषामा प्रसिद्धि प्राप्त गर्ने आन्तरिक क्षमताबाट सिक्छन् । यो एउटा यस्तो शक्ति हो जुन शक्ति जैविक विकासले केवल हामी मानिसलाई मात्र सुम्पिएको छ, अन्य प्राणीहरूलाई होइन । यी युवा प्रोफेसरको यो क्रान्तिकारी विचारले एकै रातमा भाषाविद्हरूको सोचाइलाई परिवर्तन गरिदिएको थियो ।

***भाषाविज्ञानमाथि यस्तो क्रान्तिकारी र नयाँ प्रकारको विचार राख्ने यी युवा प्रोफेसर अरू कोही नभएर नोम चोम्स्की थिए ।***

चोम्स्कीको जन्म ७ डिसम्बेर, १९२८ को दिन अमेरिकी नगर फिलाडेल्फियामा भएको हो । उनका पिता विलियम चोम्स्की हिब्रु भाषाका विद्वान् थिए र आमा एल्सी सिमोनोफ्स्की पनि विदुषी तथा बालपुस्तककी लेखिका थिइन् । नोमले सानैमा मध्यकालीन हिब्रु व्याकरणमाथि आफ्ना पिताले लेखेको पाण्डुलिपि पढ्का थिए जसले उनको भविष्यको काममा आधार तयार पारेको थियो । सन् १९५५ सम्म उनी एमआईटीमा भाषाविज्ञान पढाउन थाले । यहाँ बस्दा नै नोमले आफ्नो भाषाविज्ञानसम्बन्धी क्रान्तिकारी सिद्धान्तको सूत्रपात गरे । चोम्स्की त्यो दृष्टिलाई चुनौती दिन्छन् जसबाट हामी आफैँले आफैँलाई देख्छौँ । उनी भन्छन्, ' भाषा हाम्रो अस्तित्वको मूल हो । हामी हरेक समय भाषामा लीन हुन्छौँ । जब हामी सडकमा हिँडिरहेका हुन्छौँ, आफूसित आफ्ना कुराकानी रोक्नका लागि ठूलै इच्छाशक्तिको आवश्यकता पर्दछ किनभने आफैँसित हाम्रो कुराकानी निरन्तर भइरहेको हुन्छ ।

चोम्स्कीले राजनीतिदेखि दूरी बढाउने वैज्ञानिकहरूको परम्पराविपरीत सक्रिय राजनीतिमा सक्रियतापूर्वक भाग लिए । उनी भियतनाममा अमेरिकी आक्रमणको प्रमुख विरोधी थिए र उनले १९६७ को प्रसिद्ध पेन्टागनविरोधी मार्चको आयोजनमा पनि सहयोग गरे । जब यो आन्दोलनका नेता पक्राउ गरियो तब उनलाई जेलमा नर्मन मेलरसँग राखियो । मेलरले आफ्नो पुस्तक 'आर्मिज अव् द नाइट' (मा चोम्स्कीलाई, 'लुते, तीखो नाक भएको र खास छवि भएको यस्तो व्यक्ति बताएका छन जसभित्र दृढ नैतिक बलको महक आउँछ ।'

चोम्स्कीसँग यहाँ राखिएको कुराकानी ' कनेक्टिकट' (का पत्रकार म्यारिअन लाड लिएका हुन् । उनी भन्छन्, त्यो समय चोम्स्कीका लागि धेरै कठिन थियो । पत्नी गम्भीर बिमारीले पीडित थिइन् । नोम उनकै सेवामा दिनरात खटिएका थिए । यो अन्तर्वार्ता लिनभन्दा केवल दस दिनअघि उनकी पत्नीको निधन भएको थियो । यस्तो अवस्थामा लिइएको यो पहिलो अन्तर्वार्ता हुनसक्छ । यस्तो अवस्थामा पनि अन्तर्वार्ता दिन उनी इच्छुक भएका थिए । पछि उनले 'डिस्कवर' संवाददाता वेलरी रोसलाई पनि धेरै प्रश्नको उत्तर दिएका थिए ।

***तपाईं मानिसको भाषालाई अनौठो गुण मान्नुहुन्छ । के कुराले यसलाई खास बनाउँछ ?***

मानिस अन्य प्राणीभन्दा भिन्नै हुन्छ । यस अर्थले प्रत्येक मानिस मूलतः एकैजस्ता हुन्छन् । अमेजनको सिकार सञ्चाहक आदिवासी समुदायको कुनै नानीलाई बोस्टनमा पालनपोषण गरे, उक्त नानी भाषिक क्षमताको मामलामा यहाँ हुर्कीबढी गरेका मेरा नानीभन्दा अलिकति पनि भिन्नै हुँदैन । विपरीत परिस्थितिमा पनि यस्तै हुन्छ । अर्थात् बोस्टनका कुनै नानी अमेजन आदिवासी समुदायबीच हुर्केबढे ती आदिवासी समुदायको भाषा सहजै बोल्न सक्छ । यो अनौठो मानुष सम्पत्ति जो हामी सबैसित छ । हाम्रो संस्कृति अथवा हाम्रो कल्पनाशील बौद्धिक जीवनको ठूलो अंशको आधारभूत तत्व हो । यसैकारणले हामी योजना बनाउन सक्छौँ, सिर्जनात्मक कलाकर्म गर्न सक्छौँ र जटिल समाजको निर्माण गर्न सक्छौँ ।

***भाषाको यो शक्तिको जन्म कहिले अनि कहाँ भयो ?***

तपाईंले पुरातात्विक अभिलेखहरू हेर्नुभयो भने प्रायः डेढ लाखदेखि ७५ हजार वर्षपूर्व समयको एउटा सानो क्षणमा रचनात्मक विस्फोट भएको देख्नुहुन्छ । यस कालमा अचानक जटिल हस्तशिल्प, प्रतीकात्मक निरूपण, आकाशीय घटनाहरूको मापन तथा जटिल सामाजिक संरचनाहरूजस्ता सिर्जनात्मक गतिविधिहरूको विस्फोट देख्न सकिन्छ । प्रागैतिहासिक कालका प्रायः सबै विशेषज्ञ यस घटनालाई भाषाले औचक उद्भवसँग जोड्छन् । यस्तो लाग्दैन, यस घटना र मानवको शारीरिक परिवर्तनबीच कुनै सम्बन्ध छ । आज पनि मानिसको बोल्ने वा सुन्ने तन्त्र त्यस्तै छ, जस्तो ६ लाख वर्षअघिको मानिसको थियो । तर मानिसमा अभूतपूर्व संज्ञानात्मक परिवर्तन आएको छ । कोही जान्दैनन् किन ?

***मनुष्य भाषामा तपाईंको रुचि कहिलेदेखि सुरु भयो ?***

सानै उमेरमा मैले बाबाबाट आधुनिक हिब्रु साहित्य अथवा अन्य पाठ्यसामग्री पढ्न पाएँ । १९४० तिर उनलाई फिलाडेल्फियाको एक हिब्रु संस्था ड्रप्सी कलेजबाट पीएचडी प्राप्त भयो । उनी सिमेटिक थिए र मध्यकालीन हिब्रु व्याकरणमाथि काम गर्थे । मलाई निश्चित थाहा छैन, मैले आफ्ना बाबाको पुस्तकको आधिकारिक रूपमा प्रुफ पढेको थिएँ कि थिइनँ तर मैले त्यसलाई अवश्यै पढेको थिएँ । केही अवस्थासम्म व्याकरण सम्बन्धमा बुझ्न यसै पुस्तकले सघायो । तर यसबाट पछि गयौँ भने व्याकरणको अध्ययनको अर्थ थियो, ध्वनिलाई व्यवस्थित गर्नु, काललाई हेर्नु, यी कुराहरूलाई गर्न र हेर्न यी कुराहरू कसरी एकार्कामा जोडन्छिन् ।

***भाषाविद् ऐतिहासिक व्याकरण र विवरणात्मक व्याकरण भिन्न बताउँछन् । यी दुईमा के अन्तर छ ?***

ऐतिहासिक व्याकरण यस्तो अध्ययन हो जस्तै कसरी मध्यकालीन अङ्ग्रेजीबाट आधुनिक अङ्ग्रेजीको विकास भयो । कसरी पुरानो अथवा प्रारम्भिक अङ्ग्रेजीबाट मध्यकालीन अङ्ग्रेजीमा विकास भयो । कसरी जर्मेनिकबाट र जर्मेनिक ती भाषा स्रोतबाट विकसित भयो जसलाई हामी प्रोटो-इन्डो-युरोपियन भन्छौं । भाषाको समयसँगै विकास हुन्छ । तपाईं यसलाई जैविक उद्विकास (बायोलजिकल इभोल्युसन) को अध्ययनको समकक्ष मान्न सक्नुहुनेछ ।

विवरणात्मक व्याकरण कुनै समाज वा व्यक्तिविशेषका लागि वर्तमान भाषालाई व्यवस्थालाई जान्ने प्रयास हो । तपाईं यस अन्तरलाई जैविक विकास र मनोविज्ञानबीचको भिन्नताका रूपमा हेर्न सक्नुहुनेछ ।

***तपाईंका बाबाको समयका भाषाविद्, उनीहरू के गर्थे ?***

उनीहरू वास्तविक धरातलमा प्रयोग भइरहेको भाषिक विधिमाथि काम गर्थे । उदाहरणका लागि तपाईं चेरोकीका लागि व्याकरणमा काम गर्न चाहनुहुन्छ भने तपाईं ती समुदायबीच जानु हुन्छ र स्थानीय बोल्नेहरूसँग सूचना सङ्ग्रह गर्नु हुनेछ ।

तपाईंको सिद्धान्तअनुसार सबै मानिसको एक 'वैश्विक व्याकरण' हुन्छ । यसको के अर्थ हो ?

यसको अर्थ मानिसको भाषा सङ्कायको आनुवंशिक जड्सित छ । उदाहरणका लागि तपाईं आफ्नो अन्तिम वाक्यलाई गम्भीरतापूर्वक विचार्नुहोस् । यो ध्वनिको विस्तारित क्रम होइन । आफ्नो शब्दको अत्यन्त सुनिश्चित ढाँचा खडा गरिएको छ र यसको अत्यन्त विशिष्ट भाषिक अर्थ छ । यसको एक खास अर्थ, कुनै दोस्रो अर्थ होइन र यसको एक खास ध्वनि छ, दोस्रो होइन । भन्नुहोस्, तपाईं यो कसरी गर्नुभयो ? यहाँ दुईवटा सम्भावना हुनसक्छन् । एक, यसलाई एक चमत्कार मानिलिए । अथवा दोस्रो तपाईंसँग नियमहरूको एक आन्तरिक व्यवस्था हो जो शब्दको ढाँचा र त्यसको अर्थलाई निर्धारित गर्दछ । म बुझिदनें यो एक चमत्कारको देन हो ।

***तपाईंका भाषावैज्ञानिक विचारहरूमाथि सुरुमा कस्ता प्रतिक्रिया भए ?***

सुरुसुरुमा धेरैजसो मानिसहरूले मेरो विचारलाई खारेज गरे अथवा यसको उपेक्षा गरे । त्यो 'बिहेवियरल साइन्स' को युग थियो, मानव क्रिया र व्यवहारको अध्ययन जसमा व्यवहार नियन्त्रण तथा रूपान्तरण पनि सामेल गरिन्छ । बिहेवियरिज्म भन्छ, तपाईं कुनै पनि व्यक्तिलाई मनले चाहेजस्तै परिवर्तन गर्न सक्नुहुनेछ । यति हो तपाईंले ती व्यक्तिको परिवेश वा प्रशिक्षण पद्धतिलाई उचित रूपले व्यवस्थित गर्नुपर्नेछ । मानिसको रूपान्तरणमा आनुवांशिक घटक महत्वपूर्ण भूमिका निर्वाह गर्दछ, यो विचारलाई अनौठो बताएर हल्का रूपमा लिइयो ।

पछि मेरो यो विधर्मी विचारलाई 'इनेटेनेस हाइपोथेसिस' (को नाम दिने काम गरियो र यसलाई भर्त्सना गर्दै लेखिएको साहित्यको थाक लगाइयो । आज पनि तपाईं प्रमुख शोधपत्रिकाहरूमा यस्ता सूत्र वाक्य पढ्न पाउनुहुनेछ, भाषा केवल संस्कृति, परिवेश तथा प्रशिक्षणको परिणाम हो । एक प्रकारले यो धारणा हाम्रो सहजबोधको अंश नै बनाइएको छ । हामी सबै भाषा सिक्छौँ । चाहे त्यो कठिनभन्दा कठिन नै किन नहोस् । हामीलाई थाहा छ, परिवेशले पनि आफ्नो प्रभाव छोड्छ ।

इङ्ल्यान्डमा हुर्केबढेका मानिसहरूले अङ्ग्रेजी बोल्छन्, स्वाहिली होइन । वास्तविक सिद्धान्त-त्यो हाम्रो चेतनासम्म पुग्न सक्दैन । हामी आफूभित्र लुकेका ती सिद्धान्तहरू देख्दैनौँ, जो हाम्रो भाषिक व्यवहारलाई निर्धारित गर्छन् र हामी ती सिद्धान्तहरूलाई पनि देख्दैनौँ जुन हामीलाई आफ्नो शरीर हल्लाउने अनुमति दिन्छन् । यो भित्रभित्र भइरहन्छ ।

***भाषा वैज्ञानिक लुकेका यी सिद्धान्तहरूको खोज कसरी गर्छन् ?***

तपाईं आँकडा सङ्ग्रह गरी कुनै भाषाबारेमा जानकारी प्राप्त गर्न सक्नुहुनेछ । अर्थात् मेरो भाषाबारे अध्ययन गरिरहेका चिनियाँ भाषाविद् यसबारेमा मबाट प्रश्न सोधेर उत्तर सङ्ग्रह गर्नसक्छन् । यो एक प्रकारको सङ्ग्रह हुन्छ । दोस्रो प्रकारको सङ्ग्रहअनुसार लगातार तीन दिनसम्म कुन कुराहरू म बोल्छु त्यसलाई टेप रेकर्ड गरिन्छ । कुनै भाषा सिकिरहेको र प्रयोग गरिरहेको समय मानिसको मस्तिष्कमा जे कुराहरू खेलिरहेका छन् त्यसलाई अध्ययन गरी तपाईं भाषाबारेमा जाँचपरख गर्न सक्नुहुनेछ ।

आजका भाषाविद्हरूलाई चाहिएका ती नियम वा सिद्धान्तहरूमाथि ध्यान दिने प्रयास गरून्, उदाहरणका लागि तपाईं ठीक यो समय मैले भनिरहेको वाक्यको अर्थ निकाल्न र त्यसलाई बुझ्न अथवा फेरि आफ्नो वाक्य बनाउन प्रयोग गरिरहनुभएको छ ।

***के यो व्याकरणको त्यो पुरानो व्यवस्थाजस्तो होइन जसलाई तपाईंले अघिबाटै खारेज गरिसक्नु भएको छ ?***

होइन । व्याकरणको परम्परागत अध्ययनमा तपाईं ध्वनि अथवा शब्द रचनामाथि ध्यान दिनुहुन्छ र सायद धेरैथोर वाक्य विन्यासमाथि । पछिल्ला ५० वर्षसम्मको उत्पादक भाषाविज्ञान (जेनरेटिव लिङ्विस्टिक्स) मा तपाईं यो सोधिरहनुभएको छ, हरेक भाषाका लागि नियम वा सिद्धान्तहरूको कुन तन्त्र छ, जो व्यवस्थित अभिव्यक्तिहरूको असङ्ख्यौ शृङ्खलालाई तय गर्दछ ? यसपछि तपाईं यसलाई एक निश्चित व्याख्यासँग जोड्नुहुनेछ ।

***हाम्रो भाषिक बुझाइ के मस्तिष्क छविसँग जोडिएको छ ?***

मिलानको एक समूहले हालै भाषासँग हुने मस्तिष्कको क्रियाशीलतासम्बन्धी एक रोचक अध्ययन गरेको छ । यो समूहले आफ्नो शोधपात्रलाई निरर्थक भाषावालीको दुई प्रकारको लिखित सामग्री दियो । यसमा एक प्रतीकात्मक भाषा थियो जसलाई इतावली भाषाको नियममा आधारित थियो । यद्यपि शोधपात्र यो जान्दैनथ्यो । दोस्रोलाई वैश्विक व्याकरणका नियमहरूको उल्लङ्घन गरी तयार पारिएको थियो । एक खास मामिलामा, मानिलिऊँ तपाईं कुनै वाक्यलाई निषेध गर्न चाहनुहुन्छ, 'जोन यहाँ थियो, जोन यहाँ थिएन ।' केही निश्चित कुरा छन् जुन कुरा गर्नका लागि भाषामा तपाईंलाई अनुमति दिइन्छ । तपाईं 'छैन-होइन' शब्दलाई केही स्थानमा राख्न सक्नुहुनेछ । तर केही अन्य स्थानमा राख्न सक्नुहुन्न । यसैले पहिलो मनगढन्ते भाषामा तपाईं निषेधकारी तत्वलाई कुनै स्वीकार्य स्थानमा राख्नुहुन्छ जब कि दोस्रोमा तपाईं यसलाई अस्वीकार्य स्थानमा । मिलान समूहले पायो, स्वीकार्य निरर्थक वाक्यसँग मस्तिष्कको भाषिक क्षेत्रमा सक्रियता देखापर्दछ । तर अस्वीकार्य वाक्य जसले वैश्विक व्याकरणको नियमलाई उल्लङ्घन गर्दछ, मस्तिष्कमा कुनै सक्रियता उत्पन्न गर्दैन । यसको अर्थ हुन्छ, मानिस अस्वीकार्य वाक्यसँग भाषाजस्तो होइन तर पहेलीजस्तै खेलिरहेको थियो । यो एक आरम्भिक परिणाम हो तर यसले स्पष्ट रूपमा सङ्केत दिन्छ, भाषाहरूको खोजपड्तालबाट निस्कने भाषिक सिद्धान्तको मस्तिष्कको क्रियाशीलतासँग गहिरो सम्बन्ध छ जस्तो कसैलाई आशा र अपेक्षा हुनसक्छ ।

***हालको आनुवंशिक अध्ययनले पनि भाषाबारेमा केही यस्तै सङ्केत दिन्छ । के यो उचित हो ?***

हालका वर्षहरूमा एक जिनको खोज भएको छ जसको नाम हो है, फोक्सपी २ । यो जिन वास्तवमै रोचक छ किनभने यसमा कुनै प्रकारको 'म्युटेसन' हुँदा भाषिक प्रयोगसम्बन्धी कमजोरीहरू प्रकाशमा आउँछ । यो जिनलाई त्यो क्रियासँग जोड्छ जसलाई हामी ओरोफेसियल एक्टिभेसन भन्छौं । अर्थात् बोल्ने समयमा हामी आफ्नो मुख, आफ्नो अनुहार, जिब्रो कसरी नियन्त्रित गर्छौं । यसैले फोक्सपी २ को सम्भवतः भाषाको प्रयोगसँग कुनै सम्बन्ध छैन । यो जिन केवल मानिसमा मात्र हुँदैन तर अन्य प्राणीहरूमा पनि पाइएको छ । र अलग-अलग प्रजातिमा बेग्लाबेग्लै ढङ्गले काम गर्दछ । यो जिनले कुनै एउटा काम गर्दैन । तर यस खोजलाई भाषाको केही प्रहेलिकाको आनुवांशिक आधारको उपस्थितिको पुष्टिको दिशामा एक रोचक आरम्भिक कदम मान्न सकिन्छ ।

***तपाईं भन्नुहुन्छ, जन्मजात भाषिक क्षमता मानिसको विशिष्टता हो तर फोक्सपी २ को सततता कुनै प्रजातिमा देखिएको छ । के यी दुवै कुरा परस्पर विरोधाभासपूर्ण छैन ?***

यो कुरा प्रायः अर्थहीन छ, यसमा प्रजातिगत सततता छ । यसमा कसैलाई शङ्का छैन, मानिसको भाषिक तन्त्र जिन, तन्त्रिका तन्त्र आदिमाथि आधारित छ । भाषाको प्रयोग, बुझाइ, अधिग्रहण र निर्माणमा सम्मिलित पद्धतिहरू एक स्तरसम्म सम्पूर्ण जन्तुजगत्मा देखिएका छन् । साँचो भन्ने हो भने, सम्पूर्ण जीव जगत्मा देखिन्छ । एकाधलाई त तपाईं जीवाणुमा पनि देख्नुहुनेछ । तर यो कुरा यसको विकास वा समान मूलले उत्पन्न हुनु सायदै कुनै सङ्केत दिन्छ । भाषा उत्पन्न गर्नुजस्तो विशिष्ट मामिलामा कुनै प्रजाति, मानिसको सबैभन्दा नजिक हुन्छ भने पक्षी हो । तर यसको कारण समान उद्गम होइन । यो एक छुट्टै परिघटना हो जसलाई हामी कन्भर्जेन्स भन्छौं- प्रायः एकैजसो व्यवस्थाहरूलाई छुट्टैछुट्टै स्वतन्त्र रूपबाट विकास । यसबारेमा जेजति खोजी भइरहेको छ त्यसले भाषावैज्ञानिक सिद्धान्तलाई प्रभाव पार्ने सम्भावना थोरै छ ।


***पछिल्ला २० वर्षदेखि तपाईं भाषाको 'सरलतम' (मिनिमलिस्ट) बुझाइमाथि कार्य गरिरहनुभएको छ । यसको के खाँचो छ ?***

मानिलिनुहोस् भाषा हिउँको ढिक्काजस्तै हो । यसले प्रकृतिको नियमअनुसार आकार ग्रहण गर्दछ । भाषाको खोजबारेमा यस दृष्टिलाई मिनिमलिस्ट प्रोग्राम भनिन्छ । म बुझ्छु, यसले केही महत्वपूर्ण परिणाम दिएको छ । यसले देखाएको छ, भाषा वास्तवमै केही शब्दार्थसम्बन्धी अभिव्यक्तिको आदर्श हल हो तर स्पष्ट अभिव्यक्तिअनुसार धेरै खराब तरिकाले डिजाइन गरिएको छ । एक विशिष्ट आवाज निकालेर तपाईं 'बेसबल' भन्न सक्नुहुन्छ तर यसका लागि 'रूख' भन्न सक्नुहुन्न ।

***भाषाविज्ञानअघि ठूलो प्रश्न के छ ?***

अझै कति अनुत्तरित रिक्त स्थान छन् । केही प्रश्न 'के' - देखि सुरु हुन्छ जस्तै- भाषा के हो ? यस समयमा तपाईं र म जे गरिरहेका छौं, यसको नियम र सिद्धान्त केके छन् ? केही अन्य 'कसरी' बाट सुरु हुन्छ, तपाईं र मैले यो क्षमता कसरी प्राप्त गर्यौं । हाम्रो आनुवंशिक भण्डार अथवा अनुभव र प्रकृति नियममा के लुकेको छ ? यसपछि 'किन' (बाट सुरु हुने प्रश्न छ जुन सबैभन्दा कठिन छ : भाषाको नियम यस्तै किन छ, केही र अन्य प्रकारका किन छैन ? कतिसम्म यो उचित छ, भाषाको आधारभूत डिजाइन ती बाहिरी सर्तहरूको अनुकूल हल प्रस्तुत गर्दछ । जसलाई भाषा अपरिहार्य रूपले पूरा गर्दछ ? यो एक ठूलो कुरा हो । भाषाको प्रकृतिबारेमा जेजति हामी जान्छौं, त्यसलाई हामी कति अवस्थासम्म मस्तिष्कमा हुने क्रियासँग जोडेर हेर्नसक्छौं ? र अन्ततः के भाषाको आनुवंशिक आधारबारेमा कुनै गम्भीर खोजपड्ताल भएको छ ? यी सबै बिन्दुमाथि निश्चय प्रगति देखिन्छ तर ठूलै रिक्त स्थान अझै पनि छ ।

**स्रोत :** खबर म्यागिजन डट कम



## बुढीगण्डकीमा ...

२ खर्ब ४४ अर्बमा उक्त आयोजना सुम्पिएको हो । प्रचण्ड-देउवा र गेजुवा कम्पनीको बीचमा मध्यस्थता डँडेल्धुरा निवासी दलाल दीपक भट्टले गरेका हुन् । प्रचण्ड र देउवाले २ खर्ब ५४ अर्बको ३ प्रतिशत अर्थात् ७ अर्ब ६२ करोड चुनाव खर्च असुलेका छन् । ७ अर्ब ६३ करोडको हाल ३० प्रतिशत मात्र तत्काल भुक्तानी लिएको भए पनि त्यो रकम २ अर्ब २८ करोड हुन्छ । त्यसमध्य माके र काङ्ग्रेसलाई १ अर्ब १४ करोड हुन आउँछ । राजकीय निकाय र सत्ताको दुरुपयोग गरेर यसरी सरकारी गठबन्धनले वैधानिक जामा लगाएर चुनावी धाँधली गर्दैछन् । मर्यादाक्रम (पोर्टफोलियो) का दृष्टिले पनि २०१७ जुन ४ जेठ २१ गते भएको उक्त सम्झौतामा गेजुवाका तर्फबाट उक्त कम्पनीका नेपाल ब्युरो प्रमुख र नेपालका तर्फबाट ऊर्जामन्त्रीको हस्ताक्षर छ । त्यसमा प्रमको पनि उपस्थिति थियो । प्रतिस्पर्धा नगरी एउटा बदनाम कम्पनीलाई उक्त आयोजना सुम्पेर ठूलो राष्ट्रघात गरेको आरोप नेता बाबुराम भट्टराईले लगाएका छन् । यत्रो भ्रष्टाचार र विधिको शासनको उल्लङ्घन हुँदासमेत कुनै पनि सञ्चार र बुद्धिजीवीहरू नबोल्नुलाई रहस्यमय ठानिएको छ ।

## गिरफ्तारीको ...

गर्नुभएको थियो । जेठ २४ गते नेत्री बन्धु चन्दलाई रिहा गरेपनि अरूलाई छोडिएको छैन ।

जेठ २४ गते प्यूठानबाट गिरफ्तार भएकाहरुमा जिल्ला सदस्यहरु डोरबहादुर रोका (खवाङ प्यूठान), गिरु भूसाल (स्वर्गद्धारी प्यूठान), बामवहादुर वुढा (माण्डवी गा.पा.प्यूठान), राजेन्द्र राउत क्षेत्री (माण्डवी गा.पा. प्यूठान), दिलबहादुर घर्ती (माण्डवी गा.पा.प्यूठान) प्रकास सुवेदी (प्यूठान न.पा. प्यूठान), अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष याङ्क पुन (ऐरावती गा.पा.प्यूठान), पत्रकार हरि भण्डारी र चालक केशव वि.क.लाई पनि पक्राउ गरेको थियो ।

उता रोल्पामा जलजला जनसाँस्कृतिक परिवारको पुरै टोलीसहित १३ जनालाई प्रहरीले विनाकारण पक्राउ गरेको छ । इरिवाङको दुईखोलीबाट साँस्कृतिक अभियानमा रहेको अवस्थामा उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ गरिएका मध्ये संगठनका केन्द्रीय सदस्य हितलाल पुन (रोल्पा), पत्रकार पुष्टमान घर्ती (रोल्पा) र कलाकारहरु रामवहादुर घर्ती (रोल्पा) लाई जेल चलान गरिएको छ । यस्तै ज्योती पुन (जैमकसला रोल्पा), समिर पुन (जैमकसला रोल्पा), कृष्ण पुन (जैमकसला रोल्पा), रोशन डाँगी (इरिवांङ रोल्पा), तारा परियार (इरिवांङ रोल्पा) ,दिपेन्द्र घर्ती (लिवाङ रोल्पा), मन्जु पुन (पाङ रोल्पा), माया खड्का (जुङार रोल्पा), विना पुन (जुङार रोल्पा) र विपना पुन(चुनवांङ रुकुम) लाई यहि जेष्ठ २३ गतेदेखि हिरासतमा राखिएको छ । प्रहरी भन्दा धेरैको संख्यामा रहेका माओवादी केन्द्रका वाइसिएलले कलाकार टोलीलाई पक्राउ गर्नुको साथै दुई लाख जतिको पोशाक र वाजा-गाजासमेत लुटेको जानकारी रोल्पाबाट धनवहादुर खत्रीले दिनुभएको छ ।

यस्तै नेकपा दाङ जिल्ला समितिका सदस्य भिम प्रकास पुनलाई चुनाव विरोधी गतिविधि गरेको आरोपमा गिरप्तार गरी इलाका प्रहरी चौकी लमहीमा राखिएको छ भने जिल्ला सदस्यद्धय भिम बहादुर विक र हरि केसीलाई पक्राउ गरी घोराहीमा राखएको छ । यसरी प्रशासनले आफना कार्यकर्ताहरु जहाँ भेटयो त्यही गिरप्तार गर्नु कथित लोकतान्त्रिक राज्यको उपहास भएको वताउनु हुन्छ दांङ जिल्ला सेक्रेटरी सविन पोखेल ।

यसैविच चुनाव विरोधी गतिविधिमा लागेको भन्दै पक्राउ पश्चात रिहा गरिएका राजवन्दीहरुलाई नेकपाले अभिनन्दन गरेको छ । कास्कीको पोखरामा आयोजीत एक कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवं गण्डक व्यूरो इन्चार्ज सावीत्रा दुरा 'आस्था'ले खादा र अविरले अभिनन्दन गर्नुभएको छ । अभिनन्दन कार्यक्रममा व्यूरो इन्चार्ज आस्थाले लोकतान्त्रिक राज्यको उपहास हुने गरी सरकार दमनमा उत्रीएको वताउनुभयो ।

उता रुकुममा चालिस दिन पछि रिहा गरिएका नेकपाका जिल्ला सेक्रेटरी चन्द्रबहादुर बुढा सहित १९ जनाको टोलीले प्रशासन परिसरमै नारावाजी गरेको छ । रिहाइ हुनेवित्तिकै सयौंको सख्यामा सहभागी भएका स्थानीय समर्थकहरुले रिहाईको खुसीयालीमा नारावाजी गर्दै खलंगा वजार परिकर्मा गरेका थिए ।

**कार्यकर्ता नछोडे प्रतिवाद गर्छौं : प्रकाण्ड**

नेकपाले देशव्यापीरुपमा शान्तिपूर्ण राजनैतिक कार्यक्रममा लागेका आफना कार्यकर्ताहरुलाई गिरप्तार गरिएको भन्दै त्यसको भर्त्सना गरेको छ ।

पार्टी प्रवक्ता प्रकाण्डले विहिवार एक विज्ञप्ती जारी गर्दै पक्राउ गरिएका आफना नेता कार्यकर्ताहरुलाई रिहा नगरे आफनो पार्टी त्यसको कडा प्रतिवाद गर्ने बताउनु भएको छ । उहाँले देउवा सरकारको गृह प्रशासनले सपथ खाएकै दिन प्यूठानमा बैठक बसिरहेको अवस्थामा नेकपाका कार्यकर्ताहरुलाई गैरकानुनी रुपमा पक्राउ गरेकोमा आफनो पार्टी आक्रोशित भएको बताउनुभएको छ ।

साथै प्रकाण्डले साथै यसबाट निस्कने परिणामको जिम्मेवार स्वयं गृहप्रशासन नै हुनुपर्ने पनि बताउनुभएको छ ।

**राज्यले तानाशाही प्रवृतिको प्रर्दशन गऱ्यो:** वैद्य

देशव्यापीरुपमा नेकपाका कार्यकर्ता पक्राउ गरिएको विषयलाई लिएर नेकपा(क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन बैद्य किरणले बहिस्कार आन्दोलनमा रहेकाहरुमाथि राज्यद्धारा गरिएको दमनको विरोध गर्नुभएको छ । उहाँले बहिष्कार आन्दोलनमा रहेका नेकपाका नेताकार्यकर्ताहरुलाई धरपकट, गिरप्तार, यातना, जेल चलान गर्ने र झुटा मुद्दा लगाउने जस्ता क्रियाकलापहरुप्रति आफनो पार्टीको गम्भीर ध्यानाकर्षण भएको बतानुभएको छ । शुक्रवार एक विज्ञप्ती जारी गर्दै उहाँले चुनाव बहिस्कार गर्नु लोकतान्त्रिक अधिकार भएको बताउदै नेकपामाथि गरिएको दमन अत्यन्तै अलोकतान्त्रिक, निन्दनिय र तानाशाही प्रवृतिको प्रदर्शन भन्नुभएको छ । साथै उहाँले पक्राउ गरिएकाहरुलाई अविलम्व रिहाई गर्न पनि सरकारसँग माग गर्नुभएको छ ।

## पोखरामा ...

बराल, अधिवक्ता गोविन्द पौडेल, नेपाल कम्युनिस्ट पार्टी, कास्की जिल्ला सेक्रेटरी जगन, प्रध्यापक प्रशुराम कोइराला रहेका थिए । कार्यक्रम सञ्चालन अधिवक्ता पुन्यप्रसाद खतिबडा, कार्यक्रमका अध्यक्ष तथा अवधारणा पत्र प्रस्तोता एकराज भण्डारीले गर्नुभएको थियो ।

## प्रचण्डको पतन ...

प्रमुख उद्देश्य नै संसदीय सत्ता र शेरबहादुरहरूको अधिनायकत्वलाई समाप्त गर्नु थियो । ठीक त्यसैगरी शेरबहादुरको विश्लेषण र निष्कर्षमा प्रचण्ड एक उग्रवादी, हिंसावादी, हत्यारा, आतङ्ककारी थिए । उनको मुख्य दायित्व नै देशलाई माओवादी आतङ्ककारीहरूलाई दमन गरेर समाप्त गर्नु थियो । त्यसैका लागि उनले माओवादीहरू (प्रचण्डसहित) को टाउकाको मूल्य तोक्ने, संसद्बाट आतङ्ककारी कानुन निर्माण गर्ने, सङ्कटकाल लागू गरेर देशलाई नै युद्धभूमिमा बदल्ने, विदेशबाट अर्बौंको अत्याधुनिक हतियार खरिद गर्ने कार्य गरेका थिए । प्रचण्डले काङ्ग्रेसलाई छोडौं एमालेलाईसमेत प्रतिक्रियावादी घोषणा गरेका थिए भने मसाललाई प्रतिक्रियावादी उन्मुख भएको । देशको राज्यसत्तामा खास परिवर्तन आएको छैन तर आज ती सब विश्लेषण, निष्कर्ष प्रचण्ड र उनको मण्डलीका लागि प्रतिक्रियावादी संसदीय व्यवस्थाको गद्दी चढ्ने (जुन गद्दी ९ हजार क्रान्तिकारी योद्धाहरूको रगतले मुछिएको छ र लाखौं नेपाली जनताको बिचल्लीको क्रन्दनले छोपिएको छ), सत्ताको तर मार्ने, मोजमस्ती उडाउने भन्दा एक रत्ति माथि भएनन् । विडम्बना भनौं प्रचण्डले नै जनयुद्ध र नेपाली क्रान्तिका मूल्यहरूलाई रछ्यानमा मिल्काउँदै प्रतिक्रियावादी संसदीय व्यवस्थाको प्रधानमन्त्रीमा शेरबहादुरलाई प्रस्ताव गरेको सुन्नु र हेर्नुपऱ्यो । बडो नैतिकवान् र सहमतिको सच्चा पालक भएको प्रशंसा सुन्नुपऱ्यो । उनको भनाइमा यो त्यसै भएको छैन र केही समयका लागि मात्र भएको छैन । उनको यो कुरा माओवादी नेता, कार्यकर्ता, जनयुद्ध लडेका जनता र मुक्ति खोज्ने जनताका लागि त कुरै नगरौं सामान्य शुभचिन्तक र समर्थकलाई पनि पचाउन मुस्किल पऱ्यो ।

काङ्ग्रेस-माके गठबन्धन देखेपछि एकथरी मान्छेहरू खुब रमाएको पाइयो । उनीहरूले आआफ्ना 'माइक' बाट यो गठबन्धन निकास र शान्तिका लागि सही भएको प्रचार गरे । प्रचार मात्र गरेनन्, निकै रङ पोतेर प्रशंसा गरे । यो प्रशंसाको बाढी लगाउनेमा केही राजनीतिक विश्लेषक, पुँजीपति, प्रशासक, कूटनीतिज्ञ रहेका छन् । एकजना काङ्ग्रेस पत्रकारले त प्रचण्डले जीवनमा गरेको सबैभन्दा राम्रो काम नै यत्ति हो भनेर टिप्पणी गरे । यसरी रमाउने र प्रशंसा बर्साउनेमा दलाल, सुदखोर, भ्रष्ट, तस्कर, कामचोर, एजेन्टहरू बढी छन् । यी तत्वहरूलाई देश र जनताको हितअहितको कुनै सरोकार छैन । बस केवल काङ्ग्रेस-माकेहरूको सत्ता गठबन्धनबाट सत्ता र सरकारको ढुकुटी आफ्नो अनुकूल कुम्ल्याउनुका साथै कुर्चीको मोजमस्ती उडाउन पाइन्छ कि भन्ने चासो मात्र छ । यो तत्व काङ्ग्रेसमा पहिलेदेखि नै हाबी थियो । यसले माकेलाई पनि टुप्पीसम्म दलालीकरण र भ्रष्टीकरणमा डुबाउन पाएकोमा मस्त छ । यसले सायद यो गठबन्धन सफल हुनुमा आफ्नो कानफुकाइ, काननिमोठाइ, रसपान र मन्त्रणा सफल भएको घमण्ड गरिरहेको होला ! जो वास्तवमै दुःखान्त छ ।

हाम्रो विश्लेषणमा यो गठबन्धन नेपाली राजनीतिको सबैभन्दा भद्दा, निकृष्ट, अनैतिक गठबन्धन हो । यो नेपाली राजनीतिमा प्रदर्शित जनविरोधी एवम् आत्मसमर्पणवादी गठबन्धन हो । दलाल पुँजीवादी सत्ता टिकाउने भ्रष्ट, नैतिक हराम, ढोंगीहरूको गठजोड हो । यसमा खासगरी प्रचण्डको विचारको लिलामी, जनता र देशप्रतिको गद्दारी, सहिद, बेपत्ता, घाइतेप्रतिको घात, क्रान्तिको व्यापार पोखिएको छ । प्रचण्डबाट मार्क्सवाद, लेनिनवाद, माओवाद, वैज्ञानिक समाजवाद, अन्तर्राष्ट्रिय सर्वहारावाद, नेपाली क्रान्तिका सबै मूल्यहरूलाई सम्पूर्ण रूपले लत्याइएको छ । २३ गतेको बोलाइमा हारेको जुवाडेले जसरी प्रचण्डले गरेको रोदन हेर्नेलाई पनि लाज लाग्ने खालको थियो । प्रचण्डले त संसदीय व्यवस्था, काङ्ग्रेस, शेरबहादुरको प्रशंसा गर्दै एमालेले आफूलाई नसम्झेको र धन्यवाद नदिएकोमा विलाप गरे । सर्कसमा एउटा चटकेले ताली बजाऔं भन्दै ताली मागेजस्तै मुखै फोरेर एमालेसँग मलाई धन्यवाद दिनुस् भनेर धन्यवाद मागे । प्रचण्डको तर्क थियो "मैले हतियार बुझाएँ, सेना समायोजन (विसर्जन) गरैं, जनसत्ता विघटन गरैं, भारतमा १२ बुँदे गरे, विस्तृत शान्तिसम्झौता गरैं, क्रान्ति विसर्जन गरैं, म नभएको भए यो सम्भव थियो ? यति गरेपछि पनि धन्यवाद नदिने ? धन्यवाद पो दिनुपर्थ्यो झन् गाली गर्ने ! उनको भनाइमा यस्तो भाव थियो, मैले क्रान्ति नै विसर्जन गरेर संसदीय व्यवस्थालाई बचाउन आउँदा पनि संरक्षण नगर्ने र माया नदेखाउने ! त्यसो हो भने पख अर्को क्रान्ति आउनेछ र ठीक पार्नेछ । तिम्रा लागि म लडिदिने छैन ! संयोगले यहाँ चार्ली च्याप्लिन भएनन् । भएको भए कस्तो प्रहसन बन्थ्यो होला !

काङ्ग्रेस-माके गठबन्धन खराब गठबन्धन हो तर यो त्यसै र सामान्य तरिकाले भने आएको छैन । यो गठबन्धन प्रतिक्रान्ति र प्रतिगमनपछि दलाल संसदीय व्यवस्था स्थापना हुँदा पनि सङ्कट हल नहुनुका कारणले आएको गठबन्धन हो । यसो भनौं दलाल पुँजीवादी व्यवस्थाको सङ्कट बढ्न थालेकाले सङ्कटसँग लड्नका लागि यो गठबन्धन आएको छ । यसलाई सबै क्रान्तिकारी, कम्युनिस्टहरू, लोकतन्त्रवादी र देशभक्तहरूले गम्भीरतापूर्वक लिनुपर्छ । जब विदेशी शक्तिकेन्द्र विशेषतः भारतीय साम्राज्यवादको सहयोगमा काङ्ग्रेसले संसदीय व्यवस्था स्थापना गर्ने संविधान निर्माणको नेतृत्व गऱ्यो र एक हदसम्म सफल पनि भयो साथै प्रचण्डहरू क्रान्तिलाई लत्याउँदै प्रतिक्रियावादी दलालहरूसँग घाँटी जोड्न पुगे तब उनीहरू सबैको अनुमान थियो- अब क्रान्ति सदाका लागि समाप्त भयो । दलालहरूको गठजोडमा आरामविराम, मोजमस्ती जे गरे पनि हुन्छ तर त्यो उनीहरूको दिवासपनाजस्तो भयो । उनीहरूको यो सोचाइलाई न नेपाली जनताले साथ दिए, न त क्रान्तिकारीहरू नै चुप लागेर सहे । बरु क्रान्तिकारीहरूको सचेत पहलमा प्रतिक्रान्तिको भण्डाफोर भयो; क्रान्तिकारीहरूलाई पुनर्सङ्गठित गर्ने कार्य भयो; क्रान्तिकारी र देशभक्त शक्तिलाई एकताबद्ध गर्ने पहल अगाडि बढ्यो र जनतामा पुनः क्रान्तिको प्रवाह पैदा गर्ने कार्य भयो । यस कार्यबाट सबैभन्दा बढी प्रतिक्रान्तिका योजनाकार, कार्यान्वयनकर्ता र मतियारहरू झस्किन पुगे । उनीहरूले प्रस्टसँग देखे- ढिलो नगरी यसखालको गठजोड र जत्थेबन्दी नगर्ने हो भने उनीहरूले ठूलठूला मूल्य चुकाएर तयार गरेको प्रतिक्रान्तिको स्वर्ग ध्वस्त हुनेछ । तत्पश्चात नै उनीहरूको संयुक्त योजनामा यो गठबन्धन तयार भएर आएको छ ।

विदेशी एवम् देशी प्रतिक्रियावादी, प्रतिक्रान्तिकारी र आत्मसमर्पणवादीहरूको गठबन्धन क्रान्तिका विरुद्ध र प्रतिक्रान्तिका पक्षमा; देशको स्वाधीनताको विपक्षमा र दलालीकरणका पक्षमा; जनअधिकारका विरुद्ध र दमनका पक्षमा छ भने क्रान्तिकारी र देशभक्तहरूले यो गठबन्धनलाई सामान्य विरोध गरेर मात्र बस्नु हुँदैन । यसका विरुद्ध वैचारिक एवम् सङ्गठनात्मक ध्रुवीकरणलाई जोड दिनुपर्छ । प्रतिक्रियावादी दलाल सत्ताका विरुद्ध व्यापक भण्डाफोर र सशक्त प्रतिरोधलाई सङ्गठित गर्दै अगाडि जानुपर्छ । यो सत्ताका विरुद्ध सङ्घर्षसँगसँगै जनताको समानान्तर सत्ताको सुदृढीकरण र सञ्चालन पनि गर्दै जानुपर्छ । यहाँनेर माकेभित्रका इमानदार नेता र कार्यकर्ताले पनि गम्भीर बनेर घोर विचलनका विरुद्ध विद्रोहको पहल गर्न आवश्यक छ ।

हाम्रो पार्टी यतिबेला कथित स्थानीय चुनाव खारेजी र जनताको सत्ता निर्माणको सङ्घर्षमा छ । सङ्घर्षमा सहभागी पार्टी नेता, कार्यकर्ता र जनतामाथि राज्यबाट युद्धस्तरमा दमन भएको छ । गाउँहरूमा छापामार्ने, राति गिरफ्तार गर्ने, कुटपिट गर्ने, जेल हाल्ने कार्य भइरहेको छ । यसलाई हामीले प्रतिक्रान्तिकारी एवम् आत्मसमर्पणकारी गठजोड र त्यसविरुद्धको प्रतिरोध सङ्घर्षको परिणाम मानेका छौं । हामीलाई थाहा छ, हाम्रो पार्टी र नेपाली श्रमिक जनताले प्रतिक्रान्तिविरुद्ध विद्रोह गरेका छन् । विद्रोहमाथि दमन भएको छ तर यो दमनले पनि प्रतिरोधको सामना गुर्नपर्ने छ । दमन र विद्रोहको यो चक्र वैज्ञानिक समाजवाद स्थापना नभएसम्म जारी रहनेछ । यसमा कुनै चिन्ता र पीडाको कुरा छैन । नेपाली जनताले बुझेको तर अझै गतिलो गरी बुझ्नुपर्ने सत्य के हो भने प्रतिक्रियावादी दलाल संसदीय व्यवस्था र यसका मालिकहरूलाई सत्ताको गद्दीबाट नमिल्काएसम्म साथै त्यसको स्थानमा वैज्ञानिक समाजवादी सत्ता निर्माण नगरेसम्म नेपाल र नेपाली जनताले दलालहरूका यस्ता षड्यन्त्रपूर्ण गठबन्धनको चक्रब्यूहबाट मुक्ति पाउने छैनन् । वैज्ञानिक साजवादी क्रान्तिको बाटोमा प्रतिबद्ध बनौं ।

## राजपा चुनावमा ...

र मनोवैज्ञानिक दृष्टिले तराई र अन्य भूभागका बीचमा दूरी बढाउने दिशामै राजपाको रणनीतिक यात्रा देखिन्छ । राजपा चुनावमा नजाने भएपछि विजय गच्छेदार, विमलेन्द्र निधिलगायतले दुई नम्बर प्रदेशको चुनाव तेस्रो चरणमा गर्नुपर्ने धारणा सार्वजनिक गरेका छन् । सरकार नै अन्योलमा फसेको र मतभेद बढेको तथा तराईमा चुनावविरोधी गतिविधि बढेकाले घोषित चुनावले थप अशान्ति र अराजकता भित्र्याउने देखिन्छ । यद्यपि चुनावमा भाग लिने र बहिष्कार गर्नेहरू नेकपाबाहेक सबै संसदीय घेराभित्रकै शक्तिहरू हुन् । एउटै धाराका बीचको यो सङ्घर्षलाई नेपालको संसदीय व्यवस्थाको असफलताबाहेक अरू मान्नसक्ने आधार नै छैन ।

जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको कामना गर्दछु ।

मोहन श्रेष्ठ
भरतपुर महानगरपालिका-३, चितवन

नयाँ बजार, कमलनगर

यहाँ सबै किसिमका स्वस्थ, स्वच्छ र स्वास्थ्यवर्द्धक मासु एउटै मार्केटबाट एकीकृत गरी पार्किङ्को व्यवस्था सहित प्रचलित सरकारी मापदण्ड अनुसार विक्री-वितरणको व्यवस्था गरिएको छ ।

कमलनगर टोल विकास संस्था
भरतपुर-३, नारायणगढ, चितवन

शान्त, सफा र रमणिय वातावरणमा गुणस्तरिय ताजा खाना, खाजा (तास, मःम, चाउमिन) र बासको लागी हामीलाई सम्झनुहोस् ।

प्रो. जनक पौडेल (०५६-५३३६०६)
मेला रेष्टुरेण्ट एण्ड बार
भरतपुर-१, चितवन

जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चन्द्र गोपाल अग्रवाल
भरतपुर-१, चितवन

नियमित

# किन चाहिन्छ विद्रोही शक्ति ?



आस्था घिमिरे

मेरो मानसपटलमा यतिबेला एउटा मर्मस्पर्सी कथाले असाध्यै छोएको छ । त्यो कथालाई यहाँ उल्लेख गर्न उपयुक्त ठान्छु । एउटा गाउँमा आमाछोरा बस्छन् । आमाको आँखा हुँदैन । एउटा आँखा नभएको कारणले ती महिला असाध्यै कुरूप देखिन्छिन् । छोरालाई आमा कुरूप भएको रत्तिभर मन पर्दैन । आमा भने छोराको पढाइ र पालनपोषणका लागि दिनरात बनीबुतो गर्छिन् । छोरालाई सफाचट बनाएर स्कुल पठाउँछिन् । अर्काको भारी बोकेरै भए पनि राम्रै स्कुलमा पढाउँथिन् । आफू भोकै बसेर भए पनि छोरालाई मीठो खुवाउँथिन् । एक दिन आमाछोराको स्कुलको मासिक शुल्क तिर्नका लागि स्कुल गएकी हुन्छिन् । छोरालाई आफ्नी आमा स्कुल आएको मन पर्दैन । छोरो खुब रिसाउँछ र बेलुका घर आएर आमासँग खुब झगडा गर्छ । 'साथीहरूका आमा कति राम्रा छन् । तिमी कुरूप बुढी, स्कुल गएर साथीहरूको अगाडि मेरो बेइज्जत गऱ्यौ । अब यस्तो कुरूप अनुहार लिएर स्कुल नआउनू ।' छोराले आमालाई भन्यो । आमा बोलिनन् । चित्त दुखाएर भित्रभित्र रोइन् तर छोरालाई नराम्रो लाग्ला भनेर केही नभनी अबदेखि स्कुल नजाने बाचा गरिन् ।

छोरो पढेर ठूलो भयो । देशविदेशमा उसले चर्चापरिचर्चा कमायो । धन, सम्पत्ति, घर, गाडी, ऐस, आराम सबै प्राप्त गऱ्यो । ऊ आमालाई गाउँमै छोडी सहर गएर बस्यो । विवाह गऱ्यो । छोराछोरी जन्मायो । तर आमालाई कहिल्यै माया गरेन । आमालाई गाउँकै छाप्रोमा एक्लै छोडेर गएपछि एकपटक पनि फर्किएन । एक दिन छोराको जन्मदिनमा आमा सोध्दै खाली गोडा र च्यातिएका कपडा लगाएर छोराको ढोकामा पुगिन् । छोराले देखे पनि नदेखेजस्तै गऱ्यो । 'कस्ताकस्ता माग्नेहरू आउँछन्' भन्दै बुहारीले ढोका लगाइन् ।

बिहानै गेट खुल्ना साथै छोराको आँखा एउटा पत्रमा पऱ्यो । त्यो पत्र आमाले छोडेर गएकी थिइन् । उसले खाम खोल्यो र पत्र पढ्यो । त्यसमा लेखिएको थियो : 'मेरो प्रिय छोरा ! आज तिम्रो जन्मदिन हो । आज ठ्याक्कै तिम्रो आँखाको अप्रेसन गरेको पनि चौबीस वर्ष भयो । डाक्टरले भनेको थियो यो आँखाले २४ वर्ष मात्र काम गर्छ । २४ वर्षपछि यो आँखाले काम गर्न छोड्नेछ । त्यसपछि यो आँखा झिकेर अर्को आँखा प्रत्यारोपण गर्नुपर्छ । हो, तिमी सानो थियौ बाबु त्यतिबेला । तिम्रो बाबा, तिमी र म एकैपटक गाडी दुर्घटनामा परेका थियौँ । तिम्रो बाबा त्यहीँ बित्नुभयो । तिम्रो एउटा आँखा फुट्यो । मेरो खुट्टा भाँचियो । अप्रेसन गरेपछि मेरो खुट्टा निको भयो तर तिम्रो आँखा ठीक भएन । तिमीलाई तिम्रा साथीहरूले एकआँखे भनेर हेपेको सुन्न नसकेर तिम्रो पाँचौँ जन्मदिनमा मैले तिमीलाई आफ्नो आँखा उपहार दिएकी थिएँ । आज २४ वर्ष बित्यो । तिम्रो आँखाको समय सकियो । अब तिमी मजस्तै एकआँखे हुनेछौ अनि तिम्रा छोराछोरीले तिमीले मलाई गरेजस्तै कुरूप भनेर हेला र तिरस्कार गर्नेछन् । मेरो छोरालाई हेला र तिरस्कर गरेको मैले कसरी सहनु बाबु ! त्यसैले मेरो अर्को आँखा पनि तिम्रो २९ औँ जन्मदिनमा उपहार दिन आएकी थिएँ । तिमीले ढोका नै खोलेनौ । मैले गाउँको नेत्र अस्पतालमा बाँकी रहेको एउटा आँखा पनि तिम्रो नाममा दान गरेकी छु । भोलि नै प्रत्यारोपण गर्नू । उही तिम्री आमा !'

यो पत्र हात पर्नासाथ ऊ रुँदै आमालाई भेट्न गाउँ गयो । अफसोच ! आमा मरिसकेकी थिइन् । जुन अस्पतालमा छोराका लागि आँखा दान गरेकी थिइन् त्यही अस्पतालमा आमाको लास मात्र भेट्यो छोराले ।

हो, अहिले विद्रोही पार्टी त्यही छोरालाई आँखा दान गर्ने आमाजस्तै पीडित भएको छ । देश चुनावमय भएको बेला दसबर्से जनयुद्धमा मृत्युसँग एकाकार गर्ने कार्यकर्ताहरू फेरि हिरासत र जेल पुगेका छन् । चरम यातना भोग्न बाध्य छन् । एमाले र काङ्ग्रेसले फेरि देशमा हालीमुहाली कायम गरेका छन् । राजतन्त्रको अन्त्य, सङ्घीयता, धर्मनिरपेक्षतालगायत विषयवस्तु जुन दसबर्से जनयुद्धको महत्वपूर्ण उपलब्धि हो । यो आमाले छोरालाई गरेको आँखा दानजस्तै हो । अब सामाजिक र राजनीतिक कुनै पनि क्रान्ति नेपालमा आवश्यक छैन भन्ने विषयमा समेत तर्कवितर्कहरू गर्न थालिएका छन् । अब के साँच्चै राजनीतिक क्रान्तिको विश्राम गर्ने बेला आयो त ? पक्कै आएको छैन । समाजमा जबसम्म असमानता कायम हुन्छ तबसम्म देशमा विद्रोही शक्ति आवश्यक हुन्छ । विद्रोही शक्ति भनेका उत्पीडित समुदायका आवाज हुन् । विद्रोही शक्ति भनेका समाजलाई गतिशील गराइरहने तत्वहरू हुन् । क्रान्ति लक्ष्यमा पुग्न दौडने दौड हो । कल्पना गरौँ त विद्रोही शक्ति नभएको भए दास युगको अन्त्य हुन्थ्यो होला ? हुँदैनथ्यो किनकि कुनै यस्ता नकाम यथास्थितिवादी शक्तिहरू हुन्छन् जसले परिवर्तित वैज्ञानिक प्रक्रियालाई रोकेर यथास्थितिमा राख्न चाहन्छन् । कुनै पनि चीजलाई यथास्थानमा राख्न खोज्नु भनेको विज्ञानलाई अस्वीकार गर्नु हो । जुनसुकै चीजलाई पनि गति दिनु आवश्यक छ । गतिशील अवस्थामा रहेको शक्तिले मात्र विश्वब्रह्माण्ड धानिएको छ । पानी पनि जमेर बस्यो भने दूषित हुन्छ । कलकल बनेको पानी नै सफा र स्वच्छ हुन्छ । छहरा, ढुङ्गामुढासँग पौँठेजोरी खोल्दै समुद्र भेट्न दौडिएका खोला र झरनाहरू जसरी प्राकृतिक अनुपमका निधिहरू हुन् । त्यसैगरी समाजमा विकृति, विसङ्गति, असमानता, अन्याय, अच्याचारसँग पैँठेजोरी खेल्दै समाजलाई सभ्य र दीक्षित दिशातिर लिएर दौडने साहस गर्ने विद्रोही शक्ति नै समाज विज्ञानका सबैभन्दा ठूला सम्पत्ति हुन् । महात्मा गान्धीले विद्रोहको नेतृत्व नगरेका भए ब्रिटिस साम्राज्यवादबाट भारत मुक्त हुँदैनथ्यो । अब्राहम लिङ्कन विद्रोहीले विद्रोहको नेतृत्व नगरेका भए आजसम्म कालाहरू गोराहरूको दासदासी भएर पशुसरह खरिदबिक्री भैरहेका हुने थिए । मार्क्सले विद्रोहको नेतृत्व नगरेको भए विश्वमा न्याय र समाजनताको आवाज आजसम्म दबिएकै हुन्थे । माओले विद्रोहको नेतृत्व नगरेका भए आज चीन विश्व उदीयमान शक्तिका रूपमा हुँदैनथ्यो । आज कतिपयले सतही किसिमका तर्क र वितर्क गर्ने गरेका छन्- देशमा राजनीतिक क्रान्ति पूरा भैसक्यो । यस्ता तर्कहरू केवल सतही र कुतर्कहरू हुन् । वास्तवमा क्रान्ति तबसम्म जारी राख्नुपर्छ जबसम्म देश राज्यविहीन, हतियारविहीन, सेनाविहीन, अदालत र कानुनविहीन उच्च नैतिकवान् हुँदैनन् । हाम्रो देशको अहिलेको परिस्थितिको कुरा गर्ने हो भने सबैभन्दा पेचिलो राजनीतिक र सामाजिक क्रान्तिको आवश्यकता छ । किनकि यहाँ असमानता छ । धनी र गरिबबीच, गाउँ र सहरबीच, महिला र पुरुषबीच यस्तै अन्य धेरै चीजमा असमानता छ । यसलाई परिवर्तन गर्नुपर्छ । त्यसैले क्रान्ति आवश्यक छ । आजसम्म हाम्रो देशमा जुन राजनीतिक उचाइ हासिल भएको छ यो सबै विद्रोही शक्तिको कारण भएको हो । कुनै दिन काङ्ग्रेस पनि विद्रोही शक्तिनै थियो । एमाले र माओवादी पनि विद्रोही शक्ति थिए । आज हाम्रो पार्टी यो व्यवस्था नै परिवर्तन गर्नुपर्छ भन्ने धारणासहित विद्रोहको नेतृत्व गर्न मैदानमा आउने साहस गरेको छ । जुन समाज र राष्ट्रका लागि नै गौरवको विषय हो ।

उल्लिखित कथामा आमा पात्रले आफ्नो छोरालाई आँखा दिएर समाज र संसार देखाएजस्तै । समाजमा स्थापित गराएजस्तै । विद्रोही शक्तिले राष्ट्रलाई आफ्नो रगत दिएर, जीवन कुर्वानी गरेर सचेत गराएको छ । असम्भव भनिएका राजनीतिक संरचना परिवर्तन गरेर ठूलो योगदान गरेको छ । यसलाई बिर्सने भुल कदापि नगरौँ ।

# आस्थाका बन्दीहरू सम्मानित

■ **रातो खबर संवाददाता**/पोखरा

नेकपा कास्कीले सरकारले गिरफ्तार गरेपछि रिहा भएका कार्यकर्तालाई सम्मान गरेको छ । स्थानीय चुनाव खारेजी अभियानमा लागेका नेता र कार्यकर्तालाई प्रहरीले देश व्यापी रूपमा गिरफ्तार गरेको थियो । गिरफ्तार नेता-कार्यकर्तालाई रिहा गरेको चार दिनमा सोमबार सम्मान गरिएको हो । उक्त कार्यक्रमको सभाध्यक्ष कास्की जिल्ला इन्चार्ज रूपेश कुमालले गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि गण्डक ब्युरो इन्चार्ज सावित्रा दुरा 'आस्था' र अतिथि कपिल भट्ट हुनुहुन्थ्यो । कार्यक्रममा मिलन राई, राजकुमार सुनार, प्रबल भण्डारी, टीकाराम घिमिरे, शिव क्षेत्री, सुनिल कुमाललगायत गिरफ्तार भएका कार्यकर्ताले कार्यक्रममा हिरासतमा रहँदाको अनुभव सुनाउनुभएको थियो । कार्यक्रममा कास्की जिल्ला इन्चार्ज रूपेश र गण्डक ब्युरो इन्चार्ज सावित्रा दुराले सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन किसान सिंह तमुले गर्नुभएको थियो ।



## दार्जिलिङमा ...

राज्य सरकारको निर्णयको विरोधमा उत्रिएका थिए । बङ्गाली सरकारभने शान्तिपूर्ण विरोधमा उत्रिएका नेपालीका विरुद्ध ठूलो दमनमा उत्रिएको छ । दार्जिलिङका पत्रकार मोहन लामाका अनुसार सरकारले गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङ, लोकप्रिय साहित्यकार प्रेम प्रधानलगायत दर्जनौँलाई झूट्टा मुद्दा लगाएको र सयौँलाई पक्राउ गरेको छ । त्यसका विरुद्ध शुक्रबार १२ घन्टे 'पहाड बन्द' को घोषणा गरिएको थियो । कालेबुङ, खर्साङ, मिरिकलगायत नेपालीभाषी क्षेत्रमा त्यसको गम्भीर प्रभाव परेको थियो । चर्को विरोधपछि मुख्यमन्त्री बेनर्जीले बङ्गाली भाषा अनिवार्य नगरेर ऐच्छिक गरेको भन्दै निर्णय सच्याउने जनाउ दिएकी छिन् । तर आन्दोलनकारीले राज्य सरकारको लिखित प्रतिबद्धता खोजेका छन् । शनिबार दार्जिलिङमा त्यहाँका सबै नेपालीभाषी दल र सङ्गठनहरूको संयुक्त बैठक बसेको थियो । बैठकले थप कार्यक्रम निर्धारण गऱ्यो । बङ्गाल प्रहरीले निहत्था जनताको शान्तिपूर्ण आन्दोलनलाई 'जङ्गी आन्दोलन' भन्दै भ्रम उत्पन्न गरेर दमन गर्ने रणनीति बनाएको नेपालीभाषीको आरोप छ । बिहीबार दार्जिलिङका कलाकार तथा अभियन्ता अमिर सुन्दासले तिखो प्रतिक्रिया दिँदै 'ढुङ्गा हान्दा जङ्गी आन्दोलन भन्छ, जङ्गी आन्दोलन कस्तो हुन्छ देखेकै छैनन्, सत्ताका तावेदारहरूले' भनी सामाजिक सञ्जालमा शुक्रबार लेखेका छन् । राज्य सरकारको भाषानीतिले पहाडमा खुसीयाली छाएको र मुट्ठीभरले मात्र विरोध गरेको भन्ने सरकारी प्रचारबाजीप्रति सुन्दासले कवितामै भनेका छन्- 'यदि पहाड हाँस्दैन भने, किन अश्रुग्याँस छोडेको ?' सुन्दास दार्जिलिङका चर्चित युवा कलाकार र मूर्तिकार हुन् । उनी सिलगुढीमा कमरेड किरणसँगै गिरफ्तार भई जेल बसेका थिए । क.किरणसहित नेपालीलाई २०६३ सालमा रिहा गरेपछि उनीहरूलाई भने छोडिएन । गिरफ्तार गरिएका सबैलाई नछोडे आफूहरू पनि जेलबाहिर नजाने किरणको घोषणापछि सुन्दास रिहा भएका थिए । उनीहरूलाई भारतको पोटा कानुनअन्तर्गत थुनामा राखिएको थियो । त्यतिबेला सिलगुढी, जलपाईगुडी, डुवर्सजस्ता नेपालीभाषी बहुल क्षेत्रहरूमा भाषा आन्दोलनको रापताप बढ्दै गएको छ ।

दार्जिलिङमा आजभोलि अमेरिकी प्रोफेसर नोम चोम्स्की चर्चाको शिखरमा छन् । उनले सन् १९५६ मा 'सूचना सिद्धान्त' विषयक गोष्ठीहरूमा 'भाषा हाम्रो अस्तित्वको मूल हो' भनेका थिए । भाषा आन्दोलनलाई नेपालीभाषीहरूले अस्तित्वको लडाइँकारूपमा लिएका छन् । आन्दोलन बढ्दै जाँदा शनिबार राज्य सरकारले सेना परिचालन गरेको थियो ।

नेपाली भाषामा प्रसारण हुँदै आएको टेलिभिजन ब्द्यल को प्रसारण बन्द भएको हो । दार्जिलिङबाट फर्किएपछि उच्च अधिकारीहरूसँगको बैठकपछि उत्तर कन्यामा सञ्चारकर्मीसँगको साक्षात्कारमा आक्रोशित मुद्दामा पक्राउ परेका विमल गुरुङका विषयमा बोल्न अस्वीकार गरिन् । ममताले 'शान्त पहाडलाई जङ्गली डढेलोझैँ स्थितिमा फेर्न कोही पनि सहभागी नहोऊन् । पहाडमा शान्ति भए हामी सबै शान्ति र आनन्दले बाँच्न सक्नेछौँ' भनिन् । उता राज्य सरकारले गोर्खा बहुल क्षेत्रमा बङ्गालीमूलका प्रहरी अधिकारीलाई पठाएको छ ।

आन्दोलनकारीलाई उचालेको भन्दै प्रहरीले सभासद सतिष पोखरेललाई सोमबार राती निवासबाटै पक्राउ गरेको छ । पहाडमा प्रहरीको खानतलासी र पक्राउ व्यापक बन्दै गएको छ । मंगलबार पश्चिम बंगालमा राज्यका पहाडी भागहरु दार्जिलिङ, खर्साङ, कालेबुङ् लगायतमा आमहडताल आह्वान गरिएको थियो । जसमा सयौं पक्राउ परेका छन् । गोजमुमोले मंगलबारको आमहड्ताललाई समर्थन गरेको थियो ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न



■ भीमबहादुर खड्का, चितवन

जनअधिकार अभियान नेपालले भरतपुरमा मानवअधिकारको दृष्टिकोणबाट वर्तमान राजनीतिक परिस्थिति र जनचाहनाविषयक अन्तरक्रिया सम्पन्न गरेको छ ।

जनअधिकार अभियान नेपालका केन्द्रीय अध्यक्ष अधिवक्ता एकराज भण्डारीको अध्यक्षतामा स्थित ग्लोबल होटेलको प्राङ्गणमा मङ्गलबार भएको उक्त कार्यक्रममा जनअधिकार अभियान नेपाल चितवन जिल्ला अध्यक्ष गङ्गा कोइरालाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । साथै अनेम सङ्घ (क्रान्तिकारी) चितवन जिल्ला अध्यक्ष विष्णु कोइरालाले हिरासतभित्र प्रहरीले गरेको दुर्व्यवहारका विषयमा मार्मिक भोगाइहरू राख्दै राजनीतिक दलका नेताहरूलाई मानवअधिकारका बारेमा प्रश्न गर्नुभएको थियो ।

कार्यक्रममा एमालेका सांसद कृष्णभक्त पोखरेल, काङ्ग्रेसका पूर्वसांसद जगन्नाथ पौडेल, माओवादी केन्द्र (माके) का जिल्ला इन्चार्ज सूर्य सुवेदी, राप्रपाका बद्री तिमल्सिना, नेकपाका प्रतिनिधि लालबहादुर तामाङ, नेकपा (क्रान्तिकारी माओवादी) का अशोक शर्मा, मानव शान्ति समाजका सचिव राजेन्द्र पौडेल, बार एसोसिएसनका केन्द्रीय सदस्य इन्दु कोइराला, मानवअधिकारवादी संरक्षण मञ्चका अध्यक्ष महेश न्यौपाने, इन्सेकका प्रतिनिधि दीपेन्द्र अधिकारीले आआफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।




निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं